# महिला अधिकार बारे
## थाहा पाउनु पर्ने कानुनी कुरा

प्रथम संस्करण, असोज २०६७
प्रकाशक तथा सर्वाधिकार© **एक्सनएड नेपाल**

# विषयसूची


**परिच्छेद १ः परिचय** ........ १

१. पृष्ठभूमि ........ १

२. अधिकार के हो ? ........ १

३. महिला अधिकार के हो ? ........ २

**परिच्छेद २ः महिला अधिकार र अन्तर्राष्ट्रिय कानुनी व्यवस्था** ........ ३

१. महिला अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनी व्यवस्था ........ ३

क) संयुक्त राष्ट्रसंघको बडा–पत्र, १९४५ ........ ३

ख) मानव अधिकारको विश्वव्यापी घोषणा–पत्र, १९४८ ........ ३

ग) जीउ मास्ने–बेच्ने तथा अरुद्वारा हुने वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९ ........ ४

घ) महिलाहरूको राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९५२ ........ ४

ङ) दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि, १९५६ ........ ५

च) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा–पत्र, १९६६ ........ ५

छ) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा–पत्र, १९६६ ........ ६

ज) महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ ........ ७

झ) अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९, १९८९ ........ ९

ञ) बेइजिङ्ग घोषणा, १९९५ ........ ९

ट) महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धिको स्वैच्छिक प्रोटोकल, १९९९ ........ १०

ठ) संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव नं. १३२५, २००० ........ १०

ड) अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ ........ ११

ढ) आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा–पत्र, २००६ ........ ११

ण) संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १८२० ........ ११

**परिच्छेद ३ः महिला अधिकार र राष्ट्रिय कानुनी व्यवस्था** ........ १२

१. महिला अधिकारसम्बन्धी राष्ट्रिय कानुनी व्यवस्था ........ १२

क) समानतासम्बन्धी व्यवस्था ........ १२
ख) सम्बन्ध-विच्छेदसम्बन्धी व्यवस्था ........ १३
ग) जबरजस्ती करणीसम्बन्धी व्यवस्था ........ १४
घ) गर्भपतनसम्बन्धी व्यवस्था ........ १५
ङ) विवाहसम्बन्धी व्यवस्था ........ १६
च) अंशसम्बन्धी व्यवस्था ........ १७
छ) अपुतालीसम्बन्धी व्यवस्था ........ १८
ज) स्त्री-अंशधनसम्बन्धी व्यवस्था ........ १९
झ) सहभागितासम्बन्धी व्यवस्था ........ १९
ञ) शिक्षासम्बन्धी व्यवस्था ........ २३
ट) रोजगारीसम्बन्धी व्यवस्था ........ २४
ठ) स्वास्थ्यसम्बन्धी व्यवस्था ........ २५
ड) महिलामाथि हुने हिंसाविरुद्धको व्यवस्था ........ २६

२. महिला अधिकारसम्बन्धी राष्ट्रिय नीतिहरू ........ ३२
क) तीन वर्षीय अन्तरिम योजना (२०६४/६५ – २०६६/६७) ........ ३२
३. महिला अधिकारसम्बन्धी सर्वोच्च अदालतका फैसलाहरु ........ ३३

**परिच्छेद ४: महिला अधिकारको संरक्षणका लागि भएका संयन्त्रहरू ........ ३५**
क) अन्तर्राष्ट्रिय संयन्त्र ........ ३५
१. महिलाविरुद्धको भेदभाव उन्मूलनसम्बन्धी समिति ........ ३५

ख) राष्ट्रिय संयन्त्रहरू ........ ३५
१. राष्ट्रिय मानव अधिकार आयोग ........ ३५
२. राष्ट्रिय महिला आयोग ........ ३६
३. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय ........ ३७
४. केन्द्रीय प्रहरी महिला सेल ........ ३७
५. अदालतहरू ........ ३७
६. प्रहरी कार्यालयहरू ........ ३८
७. स्थानीय निकायहरू ........ ३८
८. अन्य संयन्त्रहरू ........ ३९

**अनुसूची ........ ४०**
नेपाल सरकार वादी हुने फौजदारी मुद्दासम्बन्धी जाहेरी दरखास्तको नमूना
जिल्ला प्रहरी कार्यालय, काठमाडौंमा चढाएको जाहेरी दरखास्त ........ ४०

परिच्छेद १

# परिचय

## १. पृष्ठभूमि

एक्सनएड नेपाल सन् १९८२ देखि नेपालमा अनवरत रूपमा महिला सशक्तीकरण तथा गरिबी निवारणमा कार्यरत एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । एक्सनएड नेपालको एउटा मुख्य नारा अधिकारको प्रत्याभूति गराई महिला सशक्तीकरण तथा गरिबी निवारण गर्ने हो । एक्सनएड नेपालले देशभरिका ३२ जिल्लामा रहेका ६९ साझेदार संस्थामार्फत् महिलाको हक–अधिकार स्थापित गर्नका निम्ति विभिन्न किसिमका क्रियाकलापहरू गर्दै आएको छ । महिलालाई विभिन्न किसिमका व्यक्तित्व विकास र नेतृत्व विकाससम्बन्धी तालिम उपलब्ध गराई उनीहरूको हक–अधिकार स्थापित गर्ने र राज्यका हरेक क्षेत्रमा समान सहभागिताको प्रत्याभूति गराई गरिबी निवारण गर्ने कार्य गर्दछ ।

यस पुस्तिकाले विशेषगरी महिलाका हक–अधिकारसम्बन्धी कानुनी जानकारी उपलब्ध गराई महिला स्वयम्लाई आफ्नो अधिकार सुरक्षित गर्न प्रोत्साहन गर्दछ । महिला–हिंसारहित समाजको स्थापनाका लागि तथा आफ्नो हक–अधिकार प्राप्तिका लागि कसरी व्यवस्थित तरिकाले महिलाहरू अगाडि बढ्ने भन्ने कुरामा यस पुस्तिकाले सहयोग गर्दछ । यस पुस्तिकामा भएका जानकारीहरूले महिलाहरूलाई आफूविरुद्ध हुने हिंसाविरुद्ध कानुनी रूपमा अघि बढ्नका लागि विद्यमान रहेका नीतिहरूबारे जानकारी गराउँदै सोको दाबी गर्न र आवश्यक नीतिहरूमा समीक्षा गर्दै पुनः निर्माणका लागि पैरवी गर्न सहयोग गर्नेछ ।

## २. अधिकार के हो ?

अधिकार भनेको व्यक्ति वा समुदायको त्यस्तो आवश्यकता र चाहना हो जुन कानुनी रूपमा उल्लेख गरिएको हुन्छ । 'अधिकार' वास्तवमा अधिकार हुनका लागि यसले कसको अधिकार, के अधिकार र कसको दायित्व भन्ने प्रश्नको स्पष्ट उत्तर बोकेको हुनु पर्दछ र कानुनी रूपमा नै ती कुराहरू उल्लेख हुनु जरुरी हुन्छ । त्यस्तो कानुनमा उल्लेख गरिएको अधिकार जसका लागि हो सो व्यक्तिलाई स्वतन्त्र ढङ्गले उपभोग गर्न दिनु अर्को पक्षको कर्तव्य हुन्छ । यदि कानुनमा उल्लेख गरेबमोजिमको व्यक्ति वा समुदायको अधिकारको उल्लंघन गरेमा वा प्रयोगमा बाधा अडचन हालेमा अधिकारवाला व्यक्ति उपचारका

लागि अदालतसमक्ष जान सक्दछ । यो व्यवस्था समेत कानुनमा नै गरिएको हुन्छ । यसरी कुनैपनि कुराहरु अधिकारको रुपमा स्थापित हुनका लागि निम्न तीन कुराहरू आवश्यक हुन्छन् ।

क) व्यक्ति वा समुदायका हित, स्वार्थ वा आवश्यकताहरू कानुनमा लेखिएको हुनुपर्ने ।

ख) कानुनमा उल्लेख गरिएका व्यक्तिले प्राप्त गरेको अधिकारको उपभोगमा अवरोध सिर्जना हुने काम नगर्नु अन्य व्यक्तिहरूको कर्तव्यको रुपमा स्थापित हुनुपर्ने र,

ग) कानुनमा लेखिएका अधिकारको उल्लंघन भएमा मर्का पर्ने व्यक्तिले उपचार प्राप्त गर्ने कुरा पनि कानुनमा नै उल्लेख गरिएको हुनुपर्ने ।

# ३. महिला अधिकार के हो ?

महिला अधिकार भन्नाले हरेक महिलाले समाजमा स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने आधार हो । त्यस्ता अधिकारहरुमा राज्यबाट संस्थागत गरिएका वा संस्थागत नगरिएका नै किन नहुन् महिलालाई सम्मानपूर्वक जिउनका लागि प्रोत्साहन गर्ने प्रावधानहरु पर्दछन् । महिला अधिकार, यस पुरुषप्रधान समाजले वर्षौंदेखि चलाइआएको पुरुषमुखी सिद्धान्त र महिलालाई अधिकारबाट वञ्चित गर्ने एवम् महिलाविरुद्ध हुने भेदभावका विरुद्धमा निकालिएको आवाज हो, जसले हरेक महिलाले पुरुषसरह स्वतन्त्रतापूर्वक र सम्मानपूर्वक जीवनयापन गर्न पाउने आधार सिर्जना गर्दछ । महिला अधिकारमा नागरिकताको हक, हिंसाविरुद्धको हक, प्राकृतिक स्रोत तथा साधनमा महिलाको पहुँच, स्थानीय निकायमा महिलाको उपस्थिति, निर्णायक क्षेत्रमा महिलाको समान संग्लनता, स्वास्थ्य (विशेषगरी प्रजनन् स्वास्थ्य), शिक्षा र रोजगारी जस्ता आधारभूत आवश्यकतामा विशेष अधिकार आदि पर्दछन् । महिला अधिकारले महिलालाई राज्यका हरेक निकायमा समान उपस्थितिको प्रत्याभूति गराई राज्यको हरेक निर्णायक क्षेत्रमा समावेशी रुपमा सहभागी गराएर महिलाको हक प्रत्याभूत गराउन प्रोत्साहन गर्दछ । महिला अधिकारले हरेक क्षेत्रका महिलाका समस्या र तिनको समाधानका लागि सदैव वकालत गर्दछ ।

परिच्छेद २

# महिला अधिकार र अन्तर्राष्ट्रिय कानुनी व्यवस्था

## १. महिला अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनी व्यवस्था

### क) संयुक्त राष्ट्रसंघको बडा–पत्र, १९४५

संयुक्त राष्ट्रसंघको बडा–पत्रको प्रस्तावनामा नै मौलिक मानव अधिकार, मानवीय रूपमा व्यक्तिको मर्यादा र मूल्यमा तथा महिला र पुरुषको समान हकमा विश्वास गर्ने कुरा उल्लेख गरिएको छ भने बडा–पत्रको धारा – ५५ को ३ मा लिङ्गका आधारमा भेदभाव नगरी सबैका निमित्त मानव अधिकार र मौलिक स्वतन्त्रताका लागि विश्वव्यापी सम्मान र तिनको पालना गर्ने कुरा उल्लेख गरिएको छ ।

### ख) मानव अधिकारको विश्वव्यापी घोषणा–पत्र, १९४८

मानव अधिकारको विश्वव्यापी घोषणा–पत्रका निम्न धाराहरूमा निम्नअनुसारका महिलाअधिकारहरूको व्यवस्था गरिएको छ ।

- सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र छन् । ती सबैको समान अधिकार र महत्व छ । निजहरूका विचार, शक्ति र सद्विचार भएकाले एक–आपसमा भातृत्वको भावनाबाट व्यवहार गर्नु पर्दछ । (धारा – १)
- जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीति वा अरू विचार र राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरू कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लिखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ । (धारा – २)
- प्रत्येक व्यक्तिलाई वैचारिक र आत्मसुरक्षाको अधिकार हुनेछ । (धारा – ३)
- कानुनको दृष्टिमा सबै समान छन् र बिनाभेदभाव सबै कानुनको समान संरक्षणको अधिकारी हुनेछन् । (धारा – ७)
- जाति, राष्ट्रियता वा धर्मको भेदभावबिना वयस्क महिला–पुरुषलाई आपसमा विवाह गर्ने र परिवार स्थापना गर्ने अधिकार छ । विवाहको विषयमा वैवाहिक जीवनमा तथा विवाह–विच्छेदमा उनीहरूको समान अधिकार हुनेछ । (धारा – १६ (१))

- विवाहको इच्छा राख्ने महिला–पुरुषको पूर्ण र स्वतन्त्र सहमतिबाट मात्र विवाह हुनेछ । (धारा – १६ (२))
- प्रत्येक व्यक्तिले बिनाभेदभाव समान कामका लागि समान ज्याला पाउने छ । (धारा – २३ (२))
- प्रत्येक व्यक्ति र निजको परिवारको स्वास्थ्य र कल्याणका लागि जीवनस्तरको अधिकार छ र यसअन्तर्गत खान, लाउन एवम् बस्नका साथै शिक्षा र स्वास्थ्य–उपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू पाउने कुरा पनि सम्मिलित छन् । बिरामी, असमर्थता, विधवा, बुढेसकाल वा निजको शक्ति बाहिरका अरू कुनै परिस्थितिमा साधनको अभाव भएमा उनीहरुको सुरक्षाको अधिकार रहने छ । (धारा – २५ (१))
- मातृकाल वा बाल्यावस्थामा रहेका प्रत्येक व्यक्तिलाई विशेष हरेचाह वा सहायता प्राप्त हुनेछ । विवाहित वा अविवाहित आमाबाट जन्मेका दुवै बालकले समान सामाजिक संरक्षण उपभोग गर्न पाउने छन् । (धारा – २५ (२))

## ग) जीउ मास्ने–बेच्ने तथा अरूद्वारा हुने वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९

यस महासन्धिले जीउ–मास्ने बेच्ने कार्य अर्थात् महिला बेचबिखनसम्बन्धी कार्यलाई अन्तर्राष्ट्रिय अपराधको रूपमा स्थापित गरेको छ । प्रस्तुत महासन्धिद्वारा परिभाषित कसूर यसप्रकार छन्:

**अरूको कामवासनाको तृप्तिका लागि देहायको कार्य गर्ने कुनैपनि व्यक्तिलाई सजाय गरिने :**

- वेश्यावृत्तिको उद्देश्यका लागि अर्को व्यक्तिलाई निजको सहमति लिएरै भएपनि कुटुनीको कार्य गर्ने वा फकाउने वा अगुवाइ गर्ने,
- अर्को व्यक्तिको र निजको सहमति लिएरै भएपनि वेश्यावृत्तिको शोषण गर्ने,
- वेश्यालय राख्ने, सञ्चालन गर्ने वा जानीजानी लगानी गर्ने वा लगानीमा सहभागी हुने,
- वेश्यावृत्तिको उद्देश्यका लागि वा अन्य स्थान वा सोको कुनै भाग भाडामा दिने वा लिने । (धारा – १, २)

## घ) महिलाहरूको राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९५२

**यस महासन्धिले निम्न अधिकारहरू स्थापित गरेको छ :**

- महिलाहरूले कुनै भेदभावबिना पुरुषसरह सम्पूर्ण निर्वाचनहरूमा मतदान गर्न पाउनेछन् । (धारा – १)

- महिलाहरू राष्ट्रिय कानुनद्वारा स्थापित सार्वजनिक रूपले निर्वाचित निकायहरूमा कुनै भेदभावबिना पुरुषसरह समान शर्तमा निर्वाचित हुन योग्य हुनेछन् । (धारा - २)
- महिलाहरूले कुनैपनि भेदभावबिना पुरुषसरह राष्ट्रिय कानुनद्वारा स्थापित सार्वजनिक पद धारण गर्न र सम्पूर्ण सार्वजनिक कामहरू गर्न पाउनेछन् । (धारा - ३)

## ङ) दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि, १९५६

यस महासन्धिअनुसार महिलामाथि हुने निम्न कार्यहरूलाई दासत्वको परिभाषाभित्र समेटी त्यस्तो कार्य गर्नेलाई फौजदारी कसूर गरेसरह मानी दोषीलाई सजाय गर्नुपर्ने कुरा उल्लेख छ ।

**कुनैपनि संस्था वा अभ्यास जसबाट,**

- इन्कार गर्ने अधिकारबिना, कुनै महिलालाई निजको आमा-बुबा, अभिभावक, परिवार वा अन्य कुनै व्यक्ति वा समूहलाई धन वा वस्तुका रूपमा प्रतिफल भुक्तानीवापत विवाहका लागि बाध्य गरिन्छ वा निजलाई विवाह गरिदिइन्छ , वा
- कुनै महिलाको श्रीमान्, उसको परिवार वा उसको वंशजको मूल्य वा अन्य कुरा ग्रहण गरेवापत सो महिलालाई अर्को व्यक्तिलाई बुझाउने अधिकार हुन्छ, वा
- आफ्नो श्रीमान्को मृत्यु हुँदा अर्को व्यक्तिले महिलालाई पुर्ख्यौली सम्पत्तिसरह प्राप्त गर्दछ ।

माथि उल्लेख भएका अभ्यासहरूलाई प्रगतिशील रूपमा तथा यथाशक्य चाँडो पूर्ण उन्मूलन वा समाप्त गर्नका लागि सबै व्यावहारिक र व्यवस्थापकीय तथा अन्य उपायहरू अपनाउनु पर्नेछ । (खण्ड - १, धारा - १ 'ग')

## च) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र, १९६६

**यस प्रतिज्ञा-पत्रले महिलाका निम्न अधिकारहरूको व्यवस्था गरेको छ :**

- जाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति जन्म वा अन्य हैसियतका आधारमा कुनै भेदभाव गरिनु हुँदैन । (धारा - १० (२))
- कुनै प्रकारको भेदभावबिना समान कामका लागि समान तलबको व्यवस्था गर्नु पर्दछ । (धारा - ७ (क))
- महिला-पुरुषको स्वतन्त्र सहमतिबाट मात्र विवाह गरिनु पर्दछ । (धारा - १० (१))

- शिशु जन्मनुअघि र पछिको उचित अवधिमा आमाहरूलाई विशेष संरक्षण गरिनु पर्दछ । यस्तो अवधिभर काम गर्ने आमालाई तलबी विदा तथा पर्याप्त सामाजिक सुरक्षा र फाइदासहितको विदा दिइनु पर्दछ । (धारा – १० (२))
- सबैका लागि क्षमताको आधारमा प्रत्येक उचित उपायद्वारा खासगरी निःशुल्क शिक्षाको प्रगतिशील अवलम्बनद्वारा उच्च शिक्षालाई समान पहुँचयुक्त बनाइने छ । (धारा – १३ (२))

## छ) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा–पत्र, १९६६

**यस प्रत्रिज्ञा–पत्रले महिलाका निम्न अधिकारहरूको व्यवस्था गरेको छ ।**

- कसैलाई पनि जाति, वर्ग, लिङ्ग, भाषा, धर्म राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनैपनि प्रकारको भेदभाव गरिने छैन । (धारा – २ (१))
- प्रत्येक व्यक्तिलाई सबै ठाउँमा कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुनेछ । (धारा – १६)
- विवाहयोग्य उमेरका पुरुष तथा महिलाहरूको विवाह गर्ने तथा परिवार आरम्भ गर्ने अधिकारलाई स्वीकार गरिने छ । (धारा – २३ (२))
- महिला र पुरुषको स्वतन्त्र तथा पूर्ण मञ्जुरीबिना कुनैपनि विवाह सम्पन्न गरिने छैन । (धारा – २३ (३))
- विवाह सम्बन्धमा विवाह अवधिमा वा विवाहको विच्छेदका समयमा महिला र पुरुषको अधिकार वा उत्तरदायित्व समान हुनेछ । (धारा – २३ (४))
- कुनै भेदभाव तथा अनुचित प्रतिबन्धबिना प्रत्यक्ष रूपमा छानिएका प्रतिनिधिहरूमार्फत् सार्वजनिक जीवनयापनमा भाग लिने, मताधिकारको प्रयोग गर्ने र आफ्नो र आफ्नो देशमा समानताका सामान्य शर्तहरूमा सार्वजनिक सेवाहरूमा प्रवेश गर्ने अधिकार हुनेछ । (धारा – २५)
- सबै व्यक्तिहरू कानुनको दृष्टिमा समान छन् र कुनै भेदभावबिना कानुनको समान संरक्षणका हकदार छन् । यस सम्बन्धमा कानुनले कुनैपनि भेदभावलाई निषेध गर्नेछ र सबै व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनैपनि भेदभावविरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति दिनेछ । (धारा – २६)

## ज) महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९

**यस महासन्धिले महिलाविरूद्ध हिंसाको परिभाषा गरी महिलाहरूका निम्नअनुसारका अधिकारको व्यवस्था गरेको छ ।**

- महिला विरूद्धको भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य कुनैपनि विषयमा लिङ्गको आधारमा हुने कुनैपनि भेदभाव, वहिष्करण वा प्रतिबन्ध । (धारा – १)
- बेचबिखन तथा वेश्यावृत्तिका लागि गरिने यौन शोषणविरूद्धको अधिकार । (धारा – ६)
- महासन्धिको धारा–७ ले महिलालाई सार्वजनिक र राजनैतिक जीवनमा पुरूषसरह समान सहभागिताको अधिकार प्रदान गरेको छ जसअन्तर्गत निम्न अधिकारहरू पर्दछन् ।
  - प्रत्येक महिलालाई मत दिन पाउने अधिकार
  - सार्वजनिक रूपमा सार्वजनिक पद धारण गर्न पाउने अधिकार
  - नीति–निर्माणमा सहभागी हुने अधिकार
  - गैरसरकारी संस्था, राजनैतिक संगठन तथा अन्तर्राष्ट्रिय तहमा सहभागी हुने अधिकार
- महिलाहरूलाई पुरूषहरूसँग समानताको आधारमा र कुनैपनि सरकारको प्रतिनिधित्व गर्ने र अन्तर्राष्ट्रिय संगठनहरूको कार्यमा सहभागी हुने अधिकार छ । (धारा – ८)
- महासन्धिको धारा–९ अनुसार महिलाको राष्ट्रियता (नागरिकता)का सम्बन्धमा निम्न व्यवस्था गरेको छ :
  - महिलालाई पुरूषसरह राष्ट्रियता (नागरिकता) प्राप्त गर्ने, परिवर्तन गर्ने वा धारण गर्ने समान अधिकार,
  - विदेशीसँग विवाह भएको कारणबाट वा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणबाट पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने अधिकार,
  - पतिको राष्ट्रियता जे–जस्तो भए तापनि महिलालाई आफ्नो इच्छाअनुसारको राष्ट्रियता धारण गर्न पाइने अधिकार,
  - सन्तानलाई राष्ट्रियता दिलाउने सम्बन्धमा पुरूषसरह महिलालाई पनि समान अधिकार ।
- महासन्धिको धारा – १० ले महिलालाई निम्नअनुसारको शिक्षाको अधिकार प्रदान गरेको छ :
  - अध्ययन गर्ने र उपाधि पाउने अधिकार,
  - सबै प्रकारका व्यावसायिक प्रशिक्षणको अधिकार,

- समान भौतिक सुविधाको शैक्षिक अधिकार,
- छात्रवृत्ति सम्बन्धमा अधिकार,
- पढाइ छाड्ने छात्राहरूको सक्रिय रूपमा शैक्षिक कार्यक्रममा सहभागी हुन पाउने अधिकार,
- खेलकुद तथा शारीरिक शिक्षामा भाग लिन पाउने समान अवसरको अधिकार,
- परिवार नियोजनसम्बन्धी सूचना, सल्लाह लगायत परिवारको स्वास्थ्य तथा समृद्धि सुनिश्चित गर्न सहायक हुने शैक्षिक जानकारी पाउने अधिकार ।

◆ यस महासन्धिको धारा–११ ले महिलालाई रोजगारीसम्बन्धी निम्न अधिकारहरू प्रदान गरेको छ :

- रोजगारीमा समान अवसरको अधिकार,
- रोजगारीको स्वतन्त्र रूपमा चयन गर्न पाउने अधिकार,
- सेवाका शर्त र सुरक्षासम्बन्धी अधिकार,
- समान पारिश्रमिक तथा सुविधाको अधिकार,
- पूरा तलबसहित प्रसूति विदाको अधिकार,
- बाल–स्याहार सुविधा प्रणालीको उपभोगको अधिकार,
- गर्भवती महिलालाई हानिकारक कार्यमा लगाउन नपाउने अधिकार ।

◆ यस महासन्धिको धारा–१२ ले महिलाका स्वास्थ्यसम्बन्धी निम्न अधिकारहरूको व्यवस्था गरेको छ :

- महिलाहरूलाई परिवार नियोजनसँग सम्बन्धित कुराहरू लगायत स्वास्थ्य र स्याहारसम्बन्धी सेवा बिना कुनै भेदभाव पुरुषसरह प्रदान गर्नुपर्ने,
- महिलालाई गर्भवती, प्रसूति र प्रसूति पश्चात्को समयमा चाहिने आवश्यक सेवाहरू उपलब्ध गराउनु पर्ने,
- गर्भवती तथा स्तनपानको समयमा महिलालाई पर्याप्त पोषण उपलब्ध गराउन आवश्यक व्यवस्था गर्नुपर्ने ।

◆ यस महासन्धिको धारा–१४ अनुसार ग्रामीण क्षेत्रमा बसोबास गर्ने महिलालाई निम्नअनुसारको अधिकार छ :

- सबै तहका विकास योजनाहरूको विस्तार र कार्यान्वयनमा सहभागी हुने अधिकार,
- परिवार नियोजनसम्बन्धी सूचना, सल्लाह र सेवा लगायतका पर्याप्त स्वास्थ्य हेरचाह सुविधामा पहुँचको अधिकार,

- सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष फाइदा लिने अधिकार,
- औपचारिक तथा अनौपचारिक तालिमहरू र शिक्षा प्राप्त गर्ने अधिकार,
- स्वरोजगारीका लागि स्वावलम्बन समूहहरू तथा सहकारी संस्थाहरू गठन गर्न पाउने अधिकार,
- सामुदायिक क्रियाकलापहरूमा भाग लिन पाउने अधिकार,
- आवास, सरसफाइ, विद्युत, यातायात, खानेपानी तथा सञ्चारसम्बन्धी व्यवस्थाहरू उपभोग गर्न पाउने अधिकार ।

◆ यस महासन्धिको धारा–१६ ले महिलाहरूलाई विवाह र परिवारका सम्बन्धमा निम्न अधिकारहरू प्रदान गरेको छ :

- विवाह गर्ने सम्पूर्ण अधिकार,
- आफ्नो जीवनसाथी स्वतन्त्र रूपले छान्न पाउने अधिकार,
- सम्बन्धविच्छेदको अधिकार,
- सन्तान कति जन्माउने, कहिले जन्माउने भन्ने कुरा निर्धारण गर्न पाउने अधिकार,
- सन्तानको संरक्षकत्व ग्रहण गर्न पाउने अधिकार ।

## झ) अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९, १९८९

आदिवासी जनजातिहरूले पूर्ण मानव अधिकार र मौलिक स्वतन्त्रता निर्वाध रूपमा र बिनाभेदभाव उपभोग गर्नेछन् । यस 'महासन्धि' का प्रावधानहरू यी समुदायका महिला र पुरुष सदस्यहरूमा बिना कुनै भेदभाव लागू हुनेछन् । (धारा–३(१))

## ञ) बेइजिङ्ग घोषणा, १९९५

सन् १९९५ मा बेइजिङ्गमा सम्पन्न भएको चौथो विश्व महिला सम्मेलनले लैङ्गिक समानता तथा महिला सशक्तीकरणको क्षेत्रमा विद्यमान जल्दाबल्दा समस्याहरूमध्ये महिला र गरिबी, महिला शिक्षा र तालिम, महिला र स्वास्थ्य, महिलाविरुद्धको हिंसा, महिला र सशस्त्र विद्रोह, महिला र अर्थतन्त्र, नीति–निर्माणमा महिला, महिला विकासका लागि संस्थागत संरचना, महिला र मानव अधिकार, महिला र सञ्चार, महिला र वातावरण तथा बालिका गरी जम्मा १२ वटा क्षेत्रलाई गम्भीर सरोकारको क्षेत्रका रूपमा पहिचान गरी यी समस्याका विरुद्ध संयुक्त रूपमा लड्न बेइजिङ्ग कार्यमञ्च (Beijing Platform for Action) तयार गरेको छ । यो कार्यमञ्चको कार्यान्वयनबाट लैङ्गिक समानता कायम गर्ने तथा महिला सशक्तीकरणको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिने विश्वास गरिएको छ ।

## ट) महिलाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धिको स्वैच्छिक प्रोटोकल, १९९९

महिला महासन्धिअन्तर्गत व्यवस्था भएका महिला अधिकार उल्लङ्घन भएमा अन्तर्राष्ट्रिय स्तरमा व्यक्तिगत उजुरी गर्न पाउने गरी महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिले व्यवस्था गरेका सैद्धान्तिक प्रावधानलाई कार्यान्वयन गर्ने विधिहरू (तरिकाहरू) यस स्वैच्छिक प्रोटोकलले निश्चित गरेको छ ।

## ठ) संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव नं. १३२५, २०००

**यस प्रस्तावअन्तर्गत महिलाका निम्न अधिकारहरूको व्यवस्था गरिएको छ :**

- द्वन्द्वको रोकथाम, व्यवस्थापन र समाधानका लागि राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठन र संयन्त्रहरूका सबै नीति–निर्माणका तहहरूमा महिलाहरूको प्रतिनिधित्व निश्चित गर्ने,
- द्वन्द्वको समाधान र शान्ति प्रक्रियामा महिलाहरूको सहभागिता वृद्धि गर्न प्रोत्साहित गर्ने (२ नं.),
- शान्ति स्थापना तथा यससम्बन्धी क्रियाकलापहरूमा महिला सहभागिताको आवश्यकता, महिला अधिकारको संरक्षण र अन्य विशिष्ट आवश्यकताहरूसम्बन्धी सामग्री निर्माण तथा तालिम सञ्चालन गर्ने (६ नं.),
- युद्धपश्चात् पुनः निर्माण तथा पुनर्गमनको समयमा महिला तथा बालबालिकाहरूको विशिष्ट आवश्यकतालाई आत्मसात गर्ने (नं. ८ क),
- युद्ध समाप्तिका लागि आन्तरिक प्रक्रिया तथा स्थानीय महिलाद्वारा गरिएका शान्ति प्रयासहरूमा सहयोग पुऱ्याउने एवम् शान्ति सम्झौता कार्यान्वयनको प्रक्रियामा महिलाको सहभागिता सुनिश्चित गर्ने (न. ८ ख),
- सशस्त्र संघर्षमा संलग्न सबै पक्षहरूलाई महिला तथा बालिकाहरूविरुद्ध लैङ्गिक आधारमा हुने हिंसा विशेषगरी यौन–शोषण तथा बलात्कार जस्ता क्रियाकलापहरूबाट बचावट गर्न आवश्यक उपायहरू अवलम्बन गर्ने (नं. १०) ।

## ड) अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६

**यस महासन्धिले अपाङ्गता भएका महिलाहरूका निम्न अधिकारहरूको व्यवस्था गरेको छ :**

- समानता तथा अविभेदको अधिकार (धारा ५),
- अपाङ्गता भएका महिला तथा बालबालिकाका सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण र समान उपभोग तथा उनीहरूको पूर्ण विकास, प्रगति तथा सशक्तीकरण सुनिश्चित गर्ने अधिकार (धारा ६),
- कानुनको अगाडि समान मान्यताको अधिकार (धारा १२) ।

## ढ) आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा–पत्र, २००६

- यस घोषणा–पत्रको कार्यान्वयन गर्दा आदिवासी, जेष्ठ नागरिक, महिला, युवा, बालबालिका तथा अपाङ्गहरुका अधिकार र आवश्यकताहरूप्रति विशेष ध्यान दिइने छ । (धारा – २२ (१))

- आदिवासी महिला तथा बालबालिकाले पूर्ण संरक्षण उपभोग गरुन् भन्ने कुरा सुनिश्चित गर्न राज्यहरूले आदिवासी जनजातिसँगको सहकार्यका उपायहरू अवलम्बन गर्नेछन् र कुनैपनि प्रकारका हिंसा र भेदभाव नहुने कुराको प्रत्याभूति गर्नेछन् । (धारा – २२ (२))

## ण) संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १८२०

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को बैठक नं. ५९१६ द्वारा जुन २००८ मा पारित भएको यस प्रस्तावमा द्वन्द्वको समयमा हुने यौन हिंसालाई पूर्णरूपमा बन्द गर्ने, बलात्कार तथा अन्य प्रकारका यौन हिंसालाई युद्ध अपराध तथा मानवताविरुद्धको अपराध मानिने र द्वन्द्व समाधान प्रक्रियामा पनि आममाफीको रुपमा यौन हिंसालाई समावेश नगर्ने कुरा उल्लेख गरिएको छ ।

परिच्छेद 3

# महिला अधिकार र राष्ट्रिय कानुनी व्यवस्था

## १. महिला अधिकारसम्बन्धी राष्ट्रिय कानुनी व्यवस्था

### क) समानतासम्बन्धी व्यवस्था

**नेपालको अन्तरिम संविधान, २०६३**

**नेपालको अन्तरिम संविधान, २०६३ ले महिला अधिकारसम्बन्धी निम्न व्यवस्थाहरू गरेको पाइन्छ :**

- देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय एवम् लैङ्गिक समस्याहरू समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने (प्रस्तावना),
- सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने (धारा १३ (१)),
- सामान्य कानुनको प्रयोगमा कुनै नागरिकमाथि धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्थाको आधारमा भेदभाव नगरिने (धारा १३(२)),
- राज्यले नागरिकहरूबीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्थाको आधारमा कुनै भेदभाव नगर्ने (धारा १३(३)),
- महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुने (धारा १८(२)),
- महिला भएकै कारणबाट कुनैपनि किसिमको भेदभाव नगरिने (धारा २०(१)),
- पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने (धारा २०(४)) ।

**नागरिक अधिकार ऐन, २०१२**

**यस ऐनअन्तर्गत महिलाका निम्न अधिकारहरूको व्यवस्था गरिएको छ :**

- प्रचलित नेपाल कानुनको अधीनमा रही कानुनको अगाडि समानता र कानुनको समान संरक्षण हुने र यसबाट कुनैपनि नागरिकलाई इन्कार नगरिने (धारा ३),

- सरकारी सेवा वा अरू कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनैपनि नागरिकमाथि केवल धर्म, वर्ण, लिङ्ग, जात, जाति वा तीमध्ये कुनैपनि कुराको आधारमा भेदभाव नगरिने (धारा ४) ।

## ख) सम्बन्ध-विच्छेदसम्बन्धी व्यवस्था

### मुलुकी ऐन २०२०

**मुलुकी ऐन २०२०, लोग्ने स्वास्नीको महलको १ (२) नं. अनुसार निम्न अवस्थामा स्वास्नीले लोग्नेसँग सम्बन्ध-विच्छेद गर्न पाउँछन् ।**

- लोग्नेले अरू स्वास्नी ल्याएमा वा राखेमा,
- स्वास्नीलाई घरबाट निकालेमा वा खान-लाउन नदिएमा वा स्वास्नीको खोज-खबर नलिई हेरविचार नराखी लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि स्वास्नीलाई छोडी अलग बस्ने गरेमा,
- स्वास्नीको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल-प्रपञ्च गरेमा,
- लोग्ने नपुंसक हुन गएमा वा लोग्नेलाई यौनसम्बन्धी कुनै निको नहुने रोग लागेमा,
- लोग्नेले परस्त्रीसँग करणी गरेको ठहरेमा ।
- लोग्ने-स्वास्नीको सम्बन्ध-विच्छेद भएको मितिले २७२ दिनभित्र जन्मेको सन्तान अन्यथा प्रमाणित नभएमा सो सम्बन्ध-विच्छेद भएको लोग्नेकै सन्तान ठहर्छ । (३ नं.)
- महिलाले सम्बन्ध-विच्छेद गर्न चाहेमा आफू बसोबास गरेको क्षेत्रको जिल्ला अदालतमा फिराद-पत्र दिनु पर्दछ ।
- सम्बन्ध-विच्छेद गरेकी महिलाले लोग्नेतर्फबाट अंश पाउने व्यवस्था छ ।

### सम्बन्ध-विच्छेदपछि नाबालकलाई कसले पाल्ने ?

**लोग्ने-स्वास्नीको महलको ३ नं. अनुसार सम्बन्ध-विच्छेदपछि नाबालकलाई कसले पाल्ने भन्ने सम्बन्धमा निम्न व्यवस्था छ :**

- ५ वर्ष मुनिका नाबालकलाई ५ वर्षको उमेर नपुगेसम्म आमा आफैंले पाल्न चाहेमा निजले र निजले पाल्न नचाहेमा बाबुले पाल्नु पर्दछ ।
- ५ वर्षदेखि माथिका नाबालकलाई अर्को विवाह नगरेको अवस्थमा आमा आफैंले पाल्न चाहेमा निजैले र निजले पाल्न नचाहेमा वा आमाले अर्को विवाह गरेको अवस्थामा बाबुले पाल्नु पर्दछ ।

- आमा–बाबु दुवैको मन्जुरी भएमा त्यस्तो नाबालकलाई आमा–बाबुमध्ये कुनैले वा दुवैले आलोपालो गरेर पाल्न पाउँछन् ।

## ग) जबरजस्ती करणीसम्बन्धी व्यवस्था

**मुलुकी ऐनको जबरजस्ती करणीको महलअनुसार जबरजस्ती करणी सम्बन्धमा निम्न व्यवस्था गरिएको छ :**

कन्या, विधवा वा अर्काकी सधवा स्वास्नी मानिसमा १६ वर्ष मुनिकीलाई उसको मन्जुरी लिई वा नलिई जुनसुकै ब्यहोरासँग करणी गरेपनि र १६ वर्ष नाघेकीको राजी–खुशीबिना बेमन्जुरीले जुनसुकै तरहसँग भएपनि जोरजुलम गरी वा डर–धाक देखाई वा अनुचित प्रभावमा पारी करणी गरेमा जबरजस्ती करणी ठहर्छ । (धारा – १)

### जबरजस्ती करणी भएमा के गर्ने ?

- जबरजस्ती करणीसम्बन्धी अपराधको घटना भएमा नजिकको प्रहरी कार्यालयमा तत्काल उजुरी दर्ता गराउनु पर्दछ ।
- त्यस्तो जाहेरी/उजुरी पीडित आफैंले वा अरू जोसुकैले पनि प्रहरी कार्यालयमा दर्ता गराउन सक्दछ ।
- जबरजस्ती करणी भए गरेको मितिले ३५ दिनभित्र जाहेरी/उजुरी नदिए लाग्न सक्दैन ।

### जबरजस्ती करणी गर्नेलाई हुने सजाय

- १० वर्षभन्दा मुनिकी बालिकालाई जबरजस्ती करणी गरेको भए १० देखि १५ वर्षसम्म कैद हुन्छ ।
- १० वर्षभन्दा माथि १६ वर्ष मुनिकालाई भए ७ देखि १० वर्षसम्म कैद हुन्छ ।
- १६ वर्ष वा सोभन्दा माथिकी महिलालाई भए पाँचदेखि सात वर्षसम्म कैद हुन्छ ।
- महिलालाई सामूहिक रूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती वा अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई माथि लेखिएको सजायमा थप पाँच वर्ष कैद हुन्छ ।
- जबरजस्ती करणी गर्नेबाट पीडित महिलाले आधा अंश पाउँछिन् ।
- आफूलाई जबरजस्ती करणी गर्न खोज्नेलाई तत्काल केही नगर्दा आफ्नो धर्म नष्ट हुने खतरा भएमा करणी लिन नपाउँदै वा लिएको तत्कालपछि सोही थलामा वा सो ठाउँबाट लखेट्दै गई एक घण्टाभित्र पीडित महिलाले प्रतिकार गर्दा पीडकको ज्यान गएमा महिलालाई कुनै सजाय हुँदैन ।

## घ) गर्भपतनसम्बन्धी व्यवस्था

**मुलुकी ऐनको ज्यानसम्बन्धी महलमा गर्भपतनसम्बन्धी निम्न व्यवस्था गरिएको छ :**

- कसैले गर्भवती महिलालाई करकाप, धम्की, ललाइ–फकाइ वा प्रलोभनमा पारी गर्भपतन गराउनु वा गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान हुने कुनै काम गर्नु गराउनु हुँदैन । (धारा – २८ (क) नं.)
- तर यसै महलको २८ (ख) नं. अनुसार निम्न अवस्थामा सरकारले तोकेबमोजिमको प्रकृया अपनाई इजाजतप्राप्त स्वास्थ्यकर्मीकोमा गई गर्भपतन गर्न सकिने व्यवस्था छ :
- गर्भ बोक्ने महिलाको मन्जुरीले १२ हप्तासम्मको गर्भपतन गर्न सकिन्छ ।
- जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको गर्भ, गर्भ बोक्ने महिलाको मन्जुरीले गर्भपात गर्न सकिन्छ ।
- गर्भपतन नगराएमा गर्भ बोक्ने महिलाको ज्यान खतरामा पुग्नसक्छ वा निजको स्वास्थ्यमा शारीरिक वा मानसिक रूपले खतरा हुन सक्तछ वा विकलाङ्ग बच्चा जन्मन्छ भन्ने प्रचलित कानुनबमोजिम योग्यताप्राप्त चिकित्सकको राय भएमा त्यस्तो महिलाको मन्जुरीले गर्भपतन गर्न सकिन्छ ।

### गर्भपतन गर्न नपाइने अवस्थाहरू

- गर्भवती महिलाको मन्जुरी नलिई गर्भपतन गराउनु हुँदैन ।
- गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान गरी गर्भपतन गराउनु हुँदैन ।
- कानुनले तोकेको अवधि र अवस्थामा बाहेक अन्य अवस्थामा गर्भपतन गराउनु हुँदैन ।

### गर्भपतनसम्बन्धी मुद्दाको कारबाही

- गैरकानुनी तरिकाबाट गर्भपतन गरे गराएमा थाहा पाउने जोसुकैले सम्बन्धित नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सक्दछ ।
- गर्भपतनसम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुन्छ ।
- कसूरदार आफैंले गर्भपतन गरे गराएको कुरा साबित भएको अवस्थामा जहिलेसुकै पनि उजुर गर्न सकिन्छ । सोबाहेक अरू अवस्थामा गर्भपतन भएको मितिले तीन महिनाभित्र उजुर गर्नु पर्दछ ।

**गर्भपतन गराएमा हुने सजाय**

**कसैले गर्भ तुहाएमा वा गर्भ तुहाउने नियतले वा गर्भ तुहिन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नुपर्ने कारण भई कुनै काम गर्दा गर्भ तुहिन गएमा निम्नबमोजिम सजाय हुन्छ :**

- १२ हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद ।
- पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद ।
- पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद ।
- गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाइ–फकाइ वा प्रलोभनमा पारी गर्भपतन गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद हुन्छ । गर्भपतन गराउने उद्देश्यले लिङ्ग पहिचान गरी लिङ्गको आधारमा गर्भपतन गराउनेलाई थप एक वर्ष कैद हुन्छ ।
- केही रिसइबीले गर्भवती महिलालाई केही कुरा गर्दा (कुटपिट, लछार–पछार वा यातना दिँदा) गर्भ तुहिन गयो भने गर्भ तुहाउने मनसायले नगरेको भएपनि सजाय हुन्छ ।

## ङ) विवाहसम्बन्धी व्यवस्था

**मुलुकी ऐन बिहेबारीको महलअनुसार विवाहसम्बन्धी निम्न व्यवस्था गरेको पाइन्छ :**

- हाडनाता करणीको महलअनुसार सजाय हुने नातामा बाहेक आफ्नो इच्छाअनुसार राजीखुशीले विवाह गर्न हुन्छ । (१ नं.)
- महिला–पुरुषको उमेर संरक्षकको मन्जुरी भए १८ वर्ष र संरक्षकको मन्जुरी नभए २० वर्ष नपुगी बिहेबारी गर्नु गराउनु हुँदैन । (२ नं.)
- लोग्ने मानिस र स्वास्नी मानिस दुवैको मन्जुरीबिना विवाह गर्नु, गरिदिनु हुँदैन । (७ नं.)
- यसै महलको ९ नं. अनुसार निम्न अवस्थामा बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित हुँदै वा कानुनबमोजिम लोग्ने–स्वास्नीको सम्बन्ध–विच्छेद नहुँदै अर्की स्वास्नी मानिससँग विवाह गर्नु वा अर्की स्वास्नी राख्नु हुँदैन ।
- स्वास्नीलाई यौनसम्बन्धी कुनै सरुवा रोग भई निको नहुने भएमा,
- स्वास्नी निको नहुने गरी बौलाएमा,
- स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने सरकारबाट मान्यताप्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा,
- स्वास्नीको खुट्टा नचल्ने भई हिँड्डुल गर्न नसक्ने भएमा,
- स्वास्नी दुवै आँखा नदेख्ने नेत्रहीन भएमा,
- स्वास्नीले कानुनबमोजिम अंश लिई भिन्न बसेमा ।



### बहुविवाहमा उजुरी दिने ठाउँ

- कसैले कानुनबमोजिम बाहेक बहुविवाह गरेमा सम्बन्धित नजिकको प्रहरी कार्यालयमा उजुरी दिन सकिन्छ ।
- कसैले कानुन विपरित बहुविवाह गरेमा थाहा पाएको मितिले तीन महिनाभित्र उजुर गरिसक्नु पर्दछ ।
- बहुविवाहसम्बन्धी मुद्दा सरकारवादी मुद्दा हुन्छ ।

### बहुविवाह गरेमा हुने सजाय

- कसैले कानुनविपरित अर्को विवाह गरेमा वा स्वास्नी राखेमा एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रूपैयाँदेखि २५ हजार रूपैयाँसम्म जरिवाना समेत हुन्छ ।
- महिलाले पनि जानीजानी बहुविवाह गरेमा वा स्वास्नी भई बसेमा पुरुषसरह सजाय हुन्छ ।

### सामाजिक व्यवहार सुधार ऐन, २०३३

- विवाह हुँदा तिलक लिनु-दिनु हुँदैन । (दफा ३(१))
- विवाह हुँदा वा विवाहपछि दुलही पक्षबाट दुलही वा दुलहालाई यति नगद, जिन्सी दाइजो, दान-बकस, भेटी दिनु भनी दुलाहा पक्षले कर लगाउनु वा यति लिने-दिने भनी दुवै पक्षले विवाहअगावै तय गर्नु हुँदैन । (दफा ४)
- दाइजो दिएन भनी दुलाहा पक्षले टन्टा गर्न वा विवाह गर्न इन्कार गर्न वा विवाह भइसकेको भए दुलही विदा गराई साथमा नलग्न हुँदैन । (दफा ४)
- यसरी विवाह गर्दा तिलक लिने-दिने गरेमा तिलक बराबरको बिगो जफत गरी १२ हजारदेखि २५ हजार रूपैयाँसम्म जरिवाना वा ३० दिनसम्म कैद वा दुवै सजाय हुन्छ । (दफा ३(२))

## च) अंशसम्बन्धी व्यवस्था

### मुलुकी ऐनले महिलाको अंशसम्बन्धी निम्न व्यवस्था गरेको छ :

- अविवाहित छोरीले पनि छोरासरह सम्पत्तिमा अंश भाग पाउँछन् । अंशबन्डाको महल १ र २ नं.)
- विधवा स्वास्नी मानिसले चाहेमा आफ्नो अंश लिई भिन्न हुन पाउँछन् । सन्तान नभएमा विधवाले अर्को विवाह गरेपनि निजले आफ्नो अंश आफूखुशी गर्न पाउँछन् । (अंशबन्डाको महल १२ नं.)

**अंश माग्ने अवस्था**

- इज्जत–आमदअनुसार खान लाउन नदिएमा । (अंशबन्डाको महल १० नं.)
- उचित शिक्षा–दीक्षा र स्वास्थ्य उपचारको व्यवस्था नगरेमा । (अंशबन्डाको महल १० नं.)
- कुटपिट समेतका घेरलु हिंसाबाट पीडित भएमा । (लोग्ने–स्वास्नीको महल ४ नं.)
- सासु–ससुरा वा लोग्नेले कुटपिट गरी घरबाट निकाला गरेमा । (लोग्ने–स्वास्नीको महल ४ नं.)
- लोग्नेले अर्को स्वास्नी ल्याएमा वा राखेमा । (लोग्ने–स्वास्नीको महल ४ नं.)
- लोग्ने–स्वास्नीको सम्बन्ध–विच्छेद हुने भएमा । (लोग्ने–स्वास्नीको महल ४ नं.)
- उल्लिखित अवस्थामा अंश प्राप्त गर्न चाहने अंशियारले जिल्ला अदालतमा मुद्दा दर्ता गर्नु पर्दछ ।
- अंश मुद्दामा हदम्याद लाग्दैन । जहिलेसुकै मुद्दा गर्न सकिन्छ ।

## छ) अपुतालीसम्बन्धी व्यवस्था

कुनैपनि व्यक्तिको मुत्युपछि उसको नाममा रहेको उसको हकको सम्पत्ति नजिकको हकवालाको नाताले उसका सन्तानले प्राप्त गर्दछन् । यसरी कुनैपनि व्यक्तिको मृत्यृपछि उसको नजिकको नातामा सर्ने सम्पत्तिलाई नै अपुताली भनिन्छ ।

- अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा, अविवाहित छोरी, छोराको छोरा वा निजको अविवाहिता छोरी भएसम्म अरूले अपुताली पाउँदैन । (अपुतालीको महल २ नं.)
- मर्ने व्यक्तिको छोरा नभई विधवा बुहारी भएमा निजले छोरासरह अपुताली पाउँछिन् । (अपुतालीको महल २ नं.)
- मर्ने व्यक्तिको छोरा वा विधवा बुहारीसमेत नभएमा विवाहिता छोरी, विवाहिता छोरी नभए निजको छोरा वा निजको छोरा पनि नभए अविवाहिता छोरीहरूले अपुताली पाउँछन् । (अपुतालीको महल २ नं.)
- भिन्न भई बसेका लोग्ने, छोरा, अविवाहिता छोरी, छोराका छोरा वा निजको अविवाहिता छोरीले हेरचाह नगरी विवाहिता छोरी ज्वाइँ वा त्यस्ता छोरी ज्वाइँका छोरा वा अविवाहिता छोरीले स्याहार–सम्भार गरी पालेको रहेछ भने त्यसरी पालेको बाबु, आमा, सासु, सुसुरा वा बाजे, बज्यैको अपुताली पाल्ने विवाहिता छोरी, छोरी ज्वाइँ वा नाति, नातिनाले पाउँछन् । (अपुतालीको महल ३ नं.)

- अपुताली परेको तीन वर्षभित्र नालिस नदिए लाग्न सक्दैन ।
- अपुतालीको नालिस जिल्ला अदालतमा दिनु पर्दछ ।

## ज) स्त्री–अंशधनसम्बन्धी व्यवस्था

महिलाको स्वामित्वमा रहेको र तीनले चाहेका बखत आफूखुशी गर्न पाउने सम्पत्तिलाई स्त्री–धन भनिन्छ । महिलाको सम्पत्तिमाथिको अधिकारमा भएको पहुँचको आधारमा हेर्दा महिलाले दुई प्रकारका सम्पत्ति प्राप्त गर्ने गर्दछन् । जुन निम्न छन् :

**स्त्री–धनः** स्त्री–धनअन्तर्गत महिलाको निजी आर्जनको सम्पत्ति, दाइजो, पेवा वा अन्य माध्यमबाट प्राप्त सम्पत्ति, दान, बकस, उपहार आदिबाट प्राप्त सम्पत्ति तथा अपुतालीबाट प्राप्त सम्पत्ति पर्दछन् ।

**स्त्री–अंशधन :** अविवाहिता छोरीको रूपमा आफ्नै पैतृक सम्पत्तिबाट प्राप्त अंश वा विवाहिता महिलाको रूपमा आफ्नै लोग्नेबाट प्राप्त अंश र सम्बन्ध–विच्छेद गर्दा प्राप्त हुने अंश समेतलाई स्त्री–अंशधन भनिन्छ ।

### दाइजो वा पेवा के हो ?

**दाइजो :** माइती, मावलीपट्टिका नातेदार वा इष्टमित्रले दिएको चल–अचल र त्यसबाट बढे बढाएको सम्पत्तिलाई दाइजो भनिन्छ । (स्त्री अंशधनको महल ४ नं.)

**पेवा :** लोग्ने वा लोग्नेपट्टिका अंशियारले सबै अंशियारको मन्जुरीको लिखत गरी दिएको वा लोग्नेपट्टिका अरू नातेदार वा इष्टमित्रले दिएको चल–अचल सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्तिलाई पेवा भनिन्छ । (स्त्री अंशधनको महल ४ नं.)

- कन्या, सधवा, विधवा महिलालले आफ्नो आर्जनको चल–अचल सम्पत्ति आफूखुशी गर्न पाउँछन् । (१ नं.)
- महिलाले आफ्नो दाइजो र पेवा पनि आफूखुशी गर्न पाउँछन् ।
- आफ्नो आर्जनभित्र आफूले प्राप्त गरेको पारिश्रमिक, ज्याला, कोष, सुविधा, भत्ता जस्ता निजी सीप क्षमताबाट आर्जन गरेको सम्पत्ति पनि पर्दछ ।

## झ) सहभागितासम्बन्धी व्यवस्था

तल उल्लिखित संविधान, ऐन तथा नियमावलीहरूले महिलाको राजनैतिक र सार्वजनिक सहभागितासम्बन्धी निम्न व्यवस्था गरेको छ :

**नेपालको अन्तरिम संविधान, २०६३**

- आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुने । (धारा २१)
- एकल महिला तथा गरिबीको मारमा परेका महिलाको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गरी सबै क्षेत्रमा उनीहरूको क्रियाशिलता सुनिश्चित गरिने ।
- राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्दा महिलासहित विविधता कायम गर्नुपर्ने । (धारा – १३१ (२))
- समानुपातिक निर्वाचन प्रणालीबाट संविधानसभामा निर्वाचित हुने सदस्यमा राजनैतिक सूचीकरण गर्दा महिला, दलित, उत्पीडित जाति, आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी लगायतको समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने । (धारा ६३ (४))

**संविधानसभा सदस्यको निर्वाचनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४**

राजनैतिक दलले समानुपातिक निर्वाचनमा कुल उम्मेद्वारमध्ये ५० प्रतिशत महिला उम्मेद्वारसहित जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व हुनेगरी उम्मेद्वारहरूको सूची तयार गर्नुपर्ने । (दफा ६ (३))

**स्थानीय स्वायत्त शासन ऐन, २०५५**

- गाउँ विकास समितिको प्रत्येक वडामा एकजना महिला वडा सदस्य रहने । (दफा ७(ख))
- गाउँ परिषद्मा एकजना महिला मनोनित हुने । (दफा ८, २ (ग))
- गाउँ विकास समितिमा एकजना महिला मनोनित हुने । (दफा १२ (२) (ग))
- नगरपालिकाको प्रत्येक वडामा एकजना महिला वडा सदस्य रहने । (दफा ७५ (ख))
- नगरपरिषद्मा मनोनित हुनेहरूमध्ये कम्तीमा ४० प्रतिशत महिला हुने । (दफा ७६ (२) (ग))
- नगरपालिका बोर्डमा एकजना महिला मनोनित हुने । (दफा ८० (२) (ग))
- जिल्ला विकास समितिमा एकजना महिला मनोनित हुने । (दफा १७६ (२) घ)
- जिल्ला परिषद्मा एकजना महिला मनोनित हुने । (दफा १७२ (२) (ङ))
- गाविसले मध्यस्थताको सूचीमा यथासम्भव महिलालाई समावेश गर्नुपर्ने । (दफा ३५ (२))

- नगरपालिकाले मध्यस्थताको सूचीमा यथासम्भव महिलालाई समावेश गर्नुपर्ने । (दफा १०३ (३))

### गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६४

- पुँजीगततर्फको बजेटबाट विभिन्न क्षेत्रहरूमा लक्षित हुनेगरी मागको आधारमा योजनाहरू सञ्चालन गर्न कम्तीमा १५ प्रतिशतसम्म रकम छुट्याई कार्यक्रम सञ्चालन गर्नुपर्ने भनिएकोमा 'महिला सशक्तीकरण र विकाससम्बन्धी योजनाहरू' समावेश गरिएको । (कार्यविधि ८.६.१ (ख)
- क्षमता विकाससम्बन्धी प्रवर्धनात्मक कार्यक्रमहरूमा महिला हिंसा नियन्त्रण र सुत्केरी सुविधाका लागि समूहगत रूपमा उपकरण तथा औजार खरीदसम्बन्धी कार्य । (कार्यविधि ८.६.२ (ख)
- गाविसमा गठन हुने उपभोक्ता समितिमा कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य हुनु पर्ने । (कार्यविधि १०.२ (ख))

### मतदाता परिचय-पत्रसम्बन्धी नियमावली, २०५३

मतदाता परिचय–पत्रसम्बन्धी विवादको निर्णय गर्ने समितिमा एकजना महिला सदस्य रहने । (नियम २० (ग))

### चलचित्र (निर्माण प्रदर्शन तथा वितरण) नियमावली, २०५७

- चलचित्र जाँच केन्द्रीय समितिमा एकजना महिला रहने । (नियम १६ (१) (घ))
- प्रत्येक जिल्लाको स्थानीय चलचित्र जाँच समितिमा एकजना महिला रहने । (नियम १६ (२) (ग))

### संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७

- उपभोक्ता समितिमा तीनजना महिला सदस्य रहने । (नियम १० (२) (ख)
- महिलाको सहभागिता बढाउन महिला उपभोक्ता समूह गठन गर्नुपर्ने । (नियम १५ (२))
- संरक्षण क्षेत्र व्यवस्थापन परिषद्मा दुईजना महिला सदस्य रहने । (नियम २४ (१) (ख))

### बालबालिकासम्बन्धी ऐन, २०४८

- केन्द्रीय बाल कल्याण समितिमा महिला सामाजिक कार्यकर्ता रहने । (दफा ३२ (१))

- प्रत्येक जिल्लाको बाल कल्याण समितिमा महिला सामाजिक कार्यकर्ता रहने । (दफा ३२ (२) (ग))

**उपभोक्ता संरक्षण ऐन, २०५४**

उपभोक्ता संरक्षण परिषद्मा दुईजना महिला प्रतिनिधि रहने । (दफा ३ (२) (ट))

**शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७**

केन्द्र सञ्चालक समितिमा कमसेकम एकजना महिला समाजसेवी सदस्य रहने । (दफा ७(१) (६))

**नेपाल फार्मेसी परिषद ऐन, २०५७**

परिषद्मा सरकारबाट मनोनित एकजना महिला सदस्य रहने । (दफा ५ (१) (ख))

**सिंचाइ नियमावली, २०५६**

उपभोक्त संस्थामा कम्तीमा दुईजना महिला सदस्य रहने । (नियम ३ (१))

**नेपाल स्काउट ऐन, २०५०**

राष्ट्रिय परिषद्मा १५ जना महिला सदस्य रहने । (दफा ७ (२) (७))

**राष्ट्रिय सहकारी विकास प्रतिष्ठान ऐन, २०४९**

महिला विकास प्रशिक्षण केन्द्र सञ्चालक समितिमा एकजना महिला शिक्षक र एकजना महिला विकास कार्यकर्ता रहने । (दफा १० (१) (ग) ३, ४)

**आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री-वितरण नियन्त्रण) ऐन, २०४९**

स्तनपान संरक्षण तथा सम्बर्द्धन समितिका एकजना महिला रहने । (दफा ४ (२) (२))

**खानेपानी नियमावली, २०५५**

उपभोक्ता समितिको कार्यकारी समितिमा कम्तीमा दुईजना महिला सदस्य रहने । (नियम ३ (२))

### आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८

- प्रतिष्ठान सञ्चालक परिषद्मा प्रत्येक विकास क्षेत्रबाट दुई/दुईजनाका दरले महिलाहरू सदस्य रहने । (दफ ७ (१) (ड))
- प्रतिष्ठानको कार्याकारिणी समितिमा एकजना महिला सदस्य रहने ।(दफा १० (१) (ख))
- सवारी तथा यातायात ब्यवस्था ऐन,२०४९
- स्थानीय रुटका यात्रुवाहक सवारीमा दुईवटा सीट महिलाका लागि छुट्याउनु पर्ने । (दफा १०७(१))

## ञ) शिक्षासम्बन्धी व्यवस्था

### शिक्षा ऐन, २०२८

- जिल्ला शिक्षा समितिमा एकजना महिला सदस्य रहने । (दफा ११ (२) (घ))
- गाउँ शिक्षा समितिमा दुईजना महिला सदस्य रहने । (दफा ११ (ट) (१) (ग))
- सामुदायिक विद्यालयको व्यवस्थापन समितिमा एकजना महिला सदस्य रहने । (दफा १२ (१) (ख))
- संस्थागत विद्यालयका व्यवस्थापन समितिमा एकजना महिला सदस्य रहने । (दफा १२ (४) (ख))

### शिक्षा नियमावली, २०५३

- सामुदायिक शिक्षक पदमा नियुक्ति गर्दा व्यवस्थापन समितिले एक वर्षसम्म परीक्षण कालमा रहने गरी नियुक्ति दिने छ । तर महिला शिक्षिकाको हकमा छ महिनामात्र परीक्षणकाल हुने । (नियम २२ ङ (१२)
- महिला विद्यार्थी वैवाहिक सम्बन्धका कारणले अन्यत्र स्थानान्तरण हुनुपरेमा स्थानान्तरण प्रमाण–पत्र दिन सकिने । (नियम ८० (२) (ख))
- प्राथमिक तहको विद्यालयमा कम्तीमा एकजना महिला शिक्षिकाको पद रहने । (नियम ९१(१))
- सबै पुरुष शिक्षक भएका विद्यालयमा पद रिक्त हुँदा वा शिक्षक दरबन्दी थप हुँदा महिला शिक्षकको पद कायम भएको मानिने । (नियम ९१ (२))

- महिला शिक्षकको पतिले किरिया बस्नु परेमा त्यस्तो महिला शिक्षिकाले पनि किरिया विदा पाउने । (नियम १०६ (७))।
- संस्थागत विद्यालयले कम्तीमा पाँच प्रतिशत महिला विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने । (नियम १५१ (२))
- सामुदायिक विद्यालयले गरिबीको रेखामुनि रहेका महिला लगायतका विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने । (नियम १५२)

## ट) रोजगारीसम्बन्धी व्यवस्था

**श्रम ऐन, २०४८**

- महिलालाई रात्री समयमा काममा लगाउन निजको मन्जुरी आवश्यक पर्ने । (दफा ५ (३))
- महिला तथा पुरुष कामदारका लागि बेग्लाबेग्लै शौचालयको व्यवस्था गर्ने । (दफा २० (ज))
- पचासभन्दा बढी महिला कार्यरत रहेको प्रतिष्ठानमा बालकहरूका लागि स्वास्थ्यप्रद कोठाको व्यवस्था गर्नुपर्ने । (दफा ४२ (१))
- महिला कामदार तथा कर्मचारीका बालबालिकाहरूलाई दूध खुवाउने समय दिनुपर्ने । (दफा ४२ (३))
- होटल व्यवसायमा विशेष सुरक्षाको प्रबन्ध गरी महिलालाई जुनसुकै समयमा पनि काममा लगाउन सकिने । (दफा ४८ (क))

**निजामती सेवा ऐन, २०४९**

**यस ऐनअन्तर्गत महिलाका सवालमा निम्नलिखित व्यवस्थाहरू गरिएका छन् :**

- निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताबाट पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई उक्त ४५ प्रतिशतलाई शतप्रतिशत मानी उक्त पदमध्ये ३३ प्रतिशत पद महिलालाई छुट्याई ती पदहरूमा महिलाहरूलाई मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गराउने । (धारा - ७(७))
- पुरुषहरू निजामती सेवामा ३५ वर्षसम्म मात्र योग्य हुने तर महिलाहरू ४० वर्षसम्म उम्मेद्वार हुन योग्य हुने । (१०, १, (ग))
- निजामती सेवामा नयाँ नियुक्ति गर्दा पुरुषलाई एक वर्ष भएपनि महिला कर्मचारीलाई भने छ महिनाको मात्र परीक्षणकाल हुने । (दफा १६)
- निजामती सेवाका महिलालाई बढुवाका लागि आवश्यक सेवा अवधि पुरुषको भन्दा एक वर्ष कम हुने । (दफा २१ (२))

**श्रम नियमावली, २०५०**

- प्रतिष्ठानमा बेलुकी साढे ६ बजेदेखि बिहान ६ बजेसम्मको समयमा महिलाको सहमतिले मात्र काममा लगाउन सकिने । (नियम ४०)
- महिलालाई काममा लगाउँदा सुरक्षाको उपयुक्त व्यवस्था गर्नुपर्ने । (नियम ४ (२))
- महिला कामदारहरूलाई ४५ के.जी. भन्दा बढी वजन बोकाउन नहुने । (नियम ३३ (१))
- नाबालिका महिला कामदारहरूलाई २० के.जी. भन्दा बढी वजन बोकाउन नहुने । (नियम ३९ (घ))

**चिया-बगानसम्बन्धी श्रम नियमावली, २०५०**

- साँझ ६ बजेदेखि बिहान ६ बजेसम्मको समयमा महिला कामदार वा कर्मचारीको सहमतिले मात्र काममा लगाउन सकिने । (नियम ४ (१))
- महिलालाई काममा लगाउँदा सुरक्षाको उपयुक्त व्यवस्था गर्नुपर्ने । (नियम ४ (२))

**प्रहरी नियमावली, २०४९**

- खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्ने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसमध्ये २० प्रतिशत महिला उम्मेद्वारका बीचमा मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिने । (नियम ११ (३))
- प्रहरी निरीक्षक पदका लागि हुने खुल्ला प्रतियोगितामा पाँच फिट उचाइ भएकी महिलाले भागलिन सक्ने । (नियम १३ (१) (६))

**शसस्त्र प्रहरी नियमावली, २०६०**

सशस्त्र प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसमध्ये २० प्रतिशत महिला उम्मेद्वारका बीचमा मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने । (नियम ५ (३))

## ठ) स्वास्थ्यसम्बन्धी व्यवस्था

**नेपालको अन्तरिम संविधान, २०६३**

प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक हुने । (धारा २० (२))

### कारागार नियमावली, २०२०

थुनुवा वा कैदी सुत्केरीलाई थप सीदा र सामान दिइने । (नियम २४)

### बालबालिकासम्बन्धी ऐन, २०४८

गर्भिणी र सुत्केरी अवस्थाका आमाहरूको उचित स्वास्थ्य स्याहारको व्यवस्था गर्न सरकारले सहयोग गर्ने । (दफा ४ (३))

### निजामती सेवा नियमावली, २०५०

- महिला निजामती कर्मचारीले गर्भवती हुँदा प्रसूति विदा पाउने । (नियम ५९ (१))
- प्रसूति विदामा बस्दा महिला निजामती कर्मचारीले पूरा तलब पाउने । (नियम ५९ (२))

### प्रहरी नियमावली, २०४९

- महिला प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ६० दिन प्रसूति विदा पाउने । (नियम ५७ (१))
- प्रसूति विदा बस्ने महिला प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र रासन पाउने । (नियम ५७ (२))
- प्रसूति विदा बढीमा दुईपटक सुत्केरी हुँदासम्मलाई मात्र दिइने र सोभन्दा बढी बच्चा हुने महिला कर्मचारीले सुत्केरी हुँदा आवश्यक पर्ने विदा निजको पाकेको वा पाक्ने घर विदा र विरामी विदाबाट कट्टी हुनेगरी लिनुपर्ने । (नियम ५७ (३))

### सशस्त्र प्रहरी नियमावली, २०६०

- महिला सशस्त्र प्रहरी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी पूरा तलबसहितको ६० दिन प्रसूति विदा लिन पाउने । (नियम १०५ (१))
- प्रसूति विदा सेवा अवधिमा दुईपटक मात्र दिइने । (नियम १०५ (२))

## ड) महिलामाथि हुने हिंसाविरूद्धको व्यवस्था

### नेपालको अन्तरिम संविधान २०६३

कुनैपनि महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने । (धारा २०(३))

### गाली र बेइज्जती ऐन, २०१६

आइमाईलाई अपमानित गरेमा एकसय रूपैयाँदेखि पाँचसय रूपैयाँसम्म जरिवाना र ६ महिनासम्म कैदको सजाय हुनसक्ने । (दफा ८)

### केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७

सार्वजनिक स्थानमा महिला वर्गलाई हातपात गरी बेइज्जत गर्न नहुने । (दफा २ (घ))

### मुलुकी ऐन, २०२०, आशय करणीको महल

११ वर्ष नाघेका कुनैपनि स्वास्नी मानिसलाई करणीका आशयले समातेमा पाँचसय रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने । (१ नं.)

### मुलुकी ऐन, २०२०, अदालती बन्दोबस्तको महल

कुनै अभियोग लागि आएकी स्वास्नी मानिसलाई बेमनासिब ठट्टा–मस्करीसँग सोधपुछ गर्न नहुने । (नं. १३४)

### घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

- कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना, शब्दले गाली गर्ने, भावनामा चोट पुर्‍याउने कार्य गरेमा 'घरेलु हिंसा' ठहर्छ । (दफा २ (क))
- वंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूका बीचको सम्बन्ध नै 'घरेलु सम्बन्ध' हो । (दफा २ (ख))
- कुटपिट गर्ने, गैरकानुनी थुनामा राख्ने, शारीरिक चोट पुर्‍याउने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य 'शारीरिक यातना' हो । (दफा ३ (ग))
- शारीरिक यातनाको डर धाक देखाउने, धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुठ्ठा बात लगाउने, घरबाट निकाला गर्ने, मानसिक चोट पुग्नसक्ने अन्य कुनै काम गर्ने गराउने, वैचारिक, धार्मिक वा सांस्कृतिक तथा प्रथा–परम्पराका आधारमा भेदभाव गर्ने कार्य 'मानसिक यातना' हो । (दफा २ (घ))
- यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुर्‍याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने काम 'यौन जन्य यातना' हो । (दफा २ (ङ))

- सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य 'आर्थिक यातना' हो । (दफा २ (च))

### घरेलु हिंसा गर्न गराउन नहुने

कसैले पनि माथि उल्लेख गरेबमोजिमको घरेलु हिंसा गर्न, गराउन वा सो कुराले उद्योग गर्न वा घरेलु हिंसाको निमित्त कसैलाई दुरुत्साहन गर्न हुँदैन । (दफा ४ (१))

### उजुरी गर्ने व्यवस्था

घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सोसम्बन्धी विवरण खुलाई लिखित वा मौखिक रूपमा निम्न स्थानमा उजुरी गर्न सक्दछ । (दफा ४)

- नजिकको प्रहरी कार्यालय
- राष्ट्रिय महिला आयोग
- स्थानीय निकाय (गाविस, नगरपालिका, नगरपालिकाको वडा कार्यालय)

### मेलमिलापसम्बन्धी व्यवस्था

उजुरीका आधारमा अनुसन्धान गर्दा घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले ३० दिनभित्र दुवै पक्षलाई मेलमिलाप गराइदिनु पर्दछ । (दफा ८)

### सजायसम्बन्धी व्यवस्था

- कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई ३ हजार रूपैयाँदेखि २५ हजार रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुन्छ । (दफा १३)
- घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुन्छ । (दफा १३ (२))
- घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुन्छ । (दफा १३ (३))
- सार्वजनिक जवाफदेही पदमा बहाल रहेको कुनै व्यक्तिले घरेलु हिंसा गरेमा निजलाई थप १० प्रतिशत सजाय हुन्छ । (दफा १३ (४))
- घरेलु हिंसाको कसूरमा भए गरेको मितिले ९० दिनभित्र उजुरी दिनुपर्छ ।

## मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण) ऐन, २०६४

- किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लान नहुने । (दफा ३(क))
- वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले निम्न कार्यहरू गर्नु हुँदैन । (दफा ३(ख))

कसैलाई पनि कुनै प्रकारले ललाइ–फकाइ, प्रलोभनमा पारी, झुक्याइ, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी निम्न कार्य गर्नु हुँदैन :

(क) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्न वा,

(ख) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई आफूसँग राख्न वा,

(ग) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई आफ्नो नियन्त्रणमा लिन वा,

(घ) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई कुनै स्थानमा राख्न वा,

(ङ) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लान वा,

(च) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई विदेशमा लान वा,

(छ) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई अरू कसैलाई दिन ।

## माथि उल्लेख गरेबमोजिमको कार्य गर्नेलाई हुने सजाय

- मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र दुईलाख रूपैयाँ जरिवाना । (दफा १५, १, क)
- वेश्यावृत्तिमा लगाउनेलाई १० देखि १५ वर्षसम्म कैद र ५० हजारदेखि १ लाख रूपैयाँसम्म जरिवाना । (दफा १५, १, ख)
- वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म जरिवाना ।
- किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई :

(क) विदेश लैजानेलाई १० वर्षदेखि पन्ध्र वर्षसम्म कैद र ५० हजार रूपैयाँदेखि १ लाख रूपैयाँसम्म जरिवाना ।

(ख) बालबालिका विदेश लगेको भए १५ वर्षदेखि २० वर्षसम्म कैद र १ लाख रूपैयाँदेखि २ लाख रूपैयाँसम्म जरिवाना ।

(ग) नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँ लैजानेलाई १० वर्ष कैद र ५० हजार रूपैयाँदेखि १ लाख रूपैयाँसम्म जरिवाना ।

(घ) बालबालिकालाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँ लगेको भए १० वर्षदेखि १२ वर्षसम्म कैद र १ लाख रूपैयाँ जरिवाना ।

- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दा सरकारवादी हुन्छ ।
- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी घटना घटेमा जोसुकैले नजिकको प्रहरी कार्यालयमा जाहेरी दिन सक्दछन् ।

**मुलुकी ऐन, अदलको महलको १0 (ख) नं.**

- बोक्सो–बोक्सीको आरोप लगाउनेलाई सजायको व्यवस्थाः बोक्सो–बोक्सीको आरोप लगाउने वा त्यस्तो आरोप लगाई बसोबास गरेको ठाउँबाट निकाला गर्ने, सामाजिक वहिष्कार गर्ने वा अन्य अमानवीय वा अपमानजनक वा यातना दिने काम गरेमा ३ महिनादेखि २ वर्षसम्म कैदको सजाय वा ५ हजार रूपैयाँदेखि २५ हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।
- बोक्सो वा बोक्सीको आरोप लगाएको वा आरोप लगाई यातना दिएको मुद्दा सरकारवादी मुद्दा हुनेहुँदा पीडितले यस्तो घटना घटेमा नजिकको प्रहरी कार्यालयमा जाहेरी दिन सक्दछन् ।

**लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३**

- महिलाको स्वतन्त्र पहिचानलाई मान्यता दिइएकोः अदालतबाट जारी हुने समाहवान, इतलायनामा, म्याद तामेल गर्दा सम्बन्धित व्यक्ति फेला नपरे सगोलको परिवारको भरसक लोग्ने मानिसले र नभए स्वास्नी मानिसले बुझी लिनसक्ने पूर्व व्यवस्थाको सट्टामा परिवारका उमेर पुगेका कुनैपनि व्यक्तिले बुझिलिन सक्ने व्यवस्था गरेको छ । (मुलुकी ऐन अदालती बन्दोबस्तको ११०, ७६, १०७, १२८, १५२, १६१ नं.)
- मुद्दा सुनुवाइमा विधवा महिलालाई प्राथमिकताः मुद्दा हेर्दा प्राथमिकताको क्रम निर्धारण गर्ने सन्दर्भमा विधवा महिला वादी वा पुनरावेदक भएको मुद्दालाई पेशीको प्राथमिकताको क्रममा राख्ने व्यवस्था गरेको छ । (मुलुकी ऐन, अ.बं. ११ नं.)

- अपमानजनक शब्दहरूको खारेजी: महिलालाई प्रयोग गरिएका अपमानजनक शब्दहरू खारेज गरिएको छ । जस्तै: गरिब–कङ्गालको महलको ३ नं. मा रहेको “आमा पोइल जाने” भन्ने शब्दहरूको सट्टामा “आमाले अर्को विवाह गरेमा” भन्ने शब्दहरू राखिएको छ ।
- भेदभावपूर्ण सम्बन्ध–विच्छेदको आधार खारेज: विवाह भएको १० वर्षभित्र स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने नेपाल सरकारबाट मान्यताप्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा लोग्नेले स्वास्नीसँग सम्बन्ध–विच्छेद गर्न पाउने महिलाविरुद्धको भेदभावपूर्ण व्यवस्था खारेज गरिएको छ । (मुलुकी ऐन, लोग्ने–स्वास्नीको महलको १ नं.)
- अंश सम्पत्तिमाथिको पूर्ण अधिकार: अंश लिइसकेकी छोरीको विवाह भएमा निजले खाइलाइ बाँकी रहेको सम्पत्ति निजका माइतीपट्टिका हकवालाको हुन्छ भन्ने व्यवस्था खारेज गरिएको छ । (मुलुकी ऐन, अंश–बन्डाको १६ नं.) जसबाट पैतृक सम्पत्तिमा विवाहपछि पनि छोरीको अधिकार स्थापित भएको छ ।
- “भिन्न भएकी कन्या, सधवा वा विधवाले आफ्नो अंशको चल–अचल सम्पत्ति आफूखुशी गर्न पाउँछन्” भन्ने व्यवस्था गरिएको छ । (मुलुकी ऐन, अंशधनको २ नं.)
- शारीरिक, मौखिक, लिखित वा इसारा वा अन्य कुनैपनि प्रकारले गर्ने यौनजन्य दुर्व्यवहारलाई अपराध मानिएको छ । त्यस्तो कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र १० हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था गरेको छ । (मुलुकी ऐन, आशय, करणीको महलको १ नं.)
- वैवाहिक बलात्कारलाई समेत जबरजस्ती करणीको परिभाषाभित्र समेटी सजायको व्यवस्था गरेको छ । लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेमा ३ महिनादेखि ६ महिनासम्म कैद सजाय हुने व्यवस्था गरेको छ । (मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(६) नं.)
- आर्थिक सुविधा प्राप्त गर्ने सम्बन्धमा हकवाला र उत्तराधिकारीसम्बन्धी विभिन्न ऐनमा भएका महिलाविरुद्ध भेदभावपूर्ण प्राथमिकता–क्रमसम्बन्धी व्यवस्थाहरूलाई लैङ्गिक समानताको दृष्टिकोणबाट संशोधन गरिएको छ । (उदाहरणका लागि: बोनस ऐन, २०३० को दफा १०(२), कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १५ (क)(१), निवृत्तिकोष ऐन, २०४२ को दफा २३(१), बिमा ऐन, २०४९ को दफा ३८(१) आदि) ।

# २. महिला अधिकारसम्बन्धी राष्ट्रिय नीतिहरू

## क) तीन वर्षीय अन्तरिम योजना (२०६४/६५ – २०६६/६७)

यो अन्तरिम योजनाअन्तर्गत महिलाको मूलभूत तथा समान अधिकार सुनिश्चित गर्दै समुन्नत, न्यायपूर्ण र लैङ्गिक रूपले समावेशी तथा समतामूलक नयाँ नेपाल निर्माण गर्ने दीर्घकालीन सोचका साथ निम्न उद्देश्य तथा रणनीतिहरू उल्लेख गरिएका छन् ।

### उद्देश्य

(क) राष्ट्रिय विकास एवम् सामाजिक, राजनीतिक र आर्थिक जीवनका सबै पक्षमा सबै जातजाति र क्षेत्रका महिलाको समान अधिकार सुनिश्चित गर्दै लैङ्गिक रूपले समावेशी र समतामूलक समाज निर्माण गर्ने ।

(ख) मानव बेचबिखन लगायत महिलाविरुद्ध सबै प्रकारका हिंसा र विभेदको अन्त्य गर्ने ।

(ग) द्वन्द्व प्रभावित तथा विस्थापित महिलाको सामाजिक पुनःस्थापना गर्ने र द्वन्द्व समाधान र शान्ति प्रक्रियामा महिलाको क्रियाशील सहभागिता सुनिश्चित गर्ने ।

### रणनीति

(क) विकासका सबै क्षेत्रमा लैङ्गिक मूलप्रवाहीकरण गरी महिलाको क्रियाशील सहभागिता सुनिश्चित गरिने छ ।

(ख) स्थानीय तहदेखि राष्ट्रिय तहको नीति–निर्माण तथा निर्णय प्रक्रियामा महिलाको प्रतिनिधित्व कम्तीमा ३३ प्रतिशत सुनिश्चित गर्न नीतिगत, कानुनी सुधार एवम् सकारात्मक कार्यहरू गरिने छन् ।

(ग) दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, एकल महिला, अपाङ्गता भएका र गरिबीको मारमा परेका महिलाको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण र क्रियाशील सहभागिता सुनिश्चित गरिने छ ।

(घ) मानव बेचबिखन लगायत महिलाविरुद्ध सबै प्रकारका हिंसा र लैङ्गिक विभेदको पूर्ण रूपमा अन्त्यका लागि कानुनी व्यवस्था लगायत सबल वातावरण निर्माण गरिने छ ।

(ङ) द्वन्द्व प्रभावित तथा आन्तरिक रूपले विस्थापित महिलाको अधिकारको संरक्षण तथा सामाजिक पुनःस्थापनाका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

(च) द्वन्द्व समाधान र शान्ति कायम गर्ने सम्पूर्ण प्रक्रियामा महिलाको सक्रिय एवम् सार्थक सहभागिता गराइने छ ।

# ३. महिला अधिकारसम्बन्धी सर्वोच्च अदालतका फैसलाहरु

### सम्पत्तिको पूर्ण अधिकारको उपभोगसम्बन्धी

लिली थामीविरुद्ध नेपाल सरकार समेत भएको मुद्दामा भिन्न भएकी कन्या, सधवा, विधवा स्वास्नी मानिसले आफ्नो अंश–हकको अचलमा आधाभन्दा बढी आफूखुशी गर्न नपाउने र अन्य हकवालाको स्वीकृति लिनुपर्ने भन्ने मुलुकी ऐन स्त्री–अंशधनको २ नं. को व्यवस्थालाई असमान ठहऱ्याई खारेज गरेको छ ।

### महिलाको हक पुग्ने सम्पत्तिमा पूर्ण अधिकार

स्वास्नी मानिसले दाइजो–पेवाबाहेक आफ्नो हक पुग्ने सम्पत्ति कसैलाई अघिबाट दान, बकस वा बिक्री गरिदिएको रहेछ र जसलाई दान, बकस वा बिक्री गरिदिएको हो उसैसित विवाह गरिन्छ भने सो दिए–लिएको सदर हुँदैन, हक पुग्नेले फिर्ता गरिदिन पाउँछ भन्ने व्यवस्थालाई महिला, कानुन र विकास मञ्चको तर्फबाट सर्वोच्च अदालतमा चुनौती दिइएको थियो । उक्त मुद्दामा सम्मानित सर्वोच्च अदालतले उक्त भेदभावपूर्ण व्यवस्था खारेज गर्ने फैसला गरेको छ ।

### यौन दुर्व्यवहार रोक्न आदेश

शर्मिला पराजुली, सपना प्रधान मल्ल तथा प्रमोदा शाहविरुद्ध नेपाल सरकार समेत भएको यौन दुर्व्यवहारसम्बन्धी मुद्दामा यौन दुर्व्यवहारलाई अपराध मान्ने सन्दर्भमा स्पष्ट कानुन नभएकाले अपराधीले उन्मुक्ति पाइरहेको हुँदा काम गर्ने वातावरण असुरक्षित भई महिलाको पेशा र रोजगारीको अधिकारमा असर पार्ने भएकाले महिलासम्बन्धी महासन्धिअनुसार यौनजन्य दुर्व्यवहार रोक्नका लागि उपयुक्त कानुन निर्माण गर्न विपक्षीको नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ ।

### छाउपडी प्रथाविरुद्ध आदेश

दिलबहादुर विश्वकर्मासमेत विरुद्ध मन्त्रीपरिषद्को कार्यालय समेतका मुद्दामा सुदूरपश्चिमाञ्चलका विभिन्न जिल्लाहरूमा रहेको छाउपडी प्रथाबाट महिलाहरूलाई पोषणयुक्त खानेकुरा र उपयुक्त बासबाट वञ्चित गर्ने गरिएकाले उनीहरूलाई यस्तो खालको कुप्रथाको शिकार हुनबाट जोगाउन विपक्षीहरूले कुनै प्रकारका कार्यहरू गरेको नदेखिएकोले मासिक श्राव भएका महिलाहरूलाई छाउपडी गोठमा पठाउने प्रथालाई कुरीति घोषणा गर्नु र

स्वास्थ्य मन्त्रालयका चिकित्सकहरूसमेत भएको अध्ययन समिति बनाइ स्वास्थ्थसम्बन्धी कार्यहरूको पहिचान गर्न र यस्तो प्रथाविरुद्ध स्थानीय निकायलाई परिचालन गरी चेतना जगाउन स्थानीय विकास मन्त्रालयलाई निर्देशनसमेत जारी गरेको छ ।

## बोक्सी प्रथाको अन्त्यको आदेश

अधिवक्ता रेश्मा थापासमेत विरुद्ध नेपाल सरकार मन्त्रीपरिषद् सचिवालय समेतको मुद्दामा देशका विभिन्न भागहरूमा महिलामाथि बोक्सीको आरोप लगाई कुटपिट गर्ने, अपमान गर्ने अभक्ष खुवाउने जस्ता अत्यन्त घृणित र अपमानजनक कार्यहरू हुँदै आएकोमा त्यस्ता कार्यहरूलाई बन्द गर्न आवश्यक कानुन तर्जुमा गर्नका लागि विपक्षीका नाममा आदेश जारी गरी पाउँ भन्ने उक्त मुद्दामा सर्वोच्च अदालतले बोक्सी प्रथाजस्तो अमानुषिक व्यवहार रोकथाम नियन्त्रण गर्न उपयुक्त कानुन नभएकाले बोक्सीको आरोप लगाई हुने गरेको अन्याय, अत्याचार, उत्पीडन, यातना दिने कार्यको रोकथाम नियन्त्रण र सजाय गर्ने प्रभावकारी कानुन तर्जुमा गर्न र सामाजिक सचेतना अभिवृद्धि गरी रुढीवादी अज्ञानता हटाउने उद्देश्यले सचेतना कार्यक्रमहरूसमेत चलाउने व्यवस्था गर्नका लागि सर्वोच्च अदालतले आदेश जारी गरेको छ ।

परिच्छेद ८

# महिला अधिकारको संरक्षणका लागि भएका संयन्त्रहरू

## (क) अन्तर्राष्ट्रिय संयन्त्र

### महिलाविरूद्धको भेदभाव उन्मूलनसम्बन्धी समिति

महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि सन् १९७९ ले व्यवस्था गरेका महिलाका हक–अधिकारलाई संरक्षण गर्ने तथा त्यस्ता हक, अधिकार तथा स्वतन्त्रताहरूको उल्लंघनलाई रोक्नका लागि अन्तर्राष्ट्रिय संयन्त्रको रूपमा 'महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धिको स्वैच्छिक प्रोटोकल, १९९९' अन्तर्गत यो समितिको गठन भएको हो । नेपालले यो स्वैच्छिक प्रोटोकल, १५ जुन सन् २००७ मा अनुमोदन गरिसकेको छ । यस समितिमा कुनैपनि पक्ष राष्ट्र भएका देशका हिंसापीडित महिलाले घरेलु उपचार प्राप्त गर्ने सबै उपायको प्रयोग गरिसक्दा पनि न्याय नपाएको र घरेलु उपचार प्राप्त गर्नसक्ने अवस्था नरहेको विश्वासिलो आधार खुलाई उक्त समितिमा उजुरी दिन सक्दछन् ।

## (ख) राष्ट्रिय संयन्त्रहरू

### १. राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत राष्ट्रिय मानव अधिकार आयोगको गठन २०५७ साल जेठ १३ गते भएको हो । नेपालको अन्तरिम संविधान २०६३ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक आयोग बनाएको छ र अन्तरिम संविधानको भाग १५ तथा धारा १३१ मा राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था गरेको छ । उक्त संविधानको धारा १३२ तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३ को दफा ९ मा आयोगको कामका बारेमा उल्लेख गरिएको छ । जसअनुसार कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन भएकोमा पीडित व्यक्ति आफैं वा निजको तर्फबाट कसैले आयोगमा उजुरी दिनसक्ने र आयोगले उक्त उजुरीउपर छानबिन तथा अनुसन्धान गरी दोषीउपर कारवाही गर्न सरकार तथा सरकारका निकायलाई सिफारिश गर्नसक्ने उल्लेख गरिएको छ ।

यो व्यवस्थाअन्तर्गत महिलासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले प्रत्याभूत गरेका कुनैपनि अधिकारको उल्लंघन भएमा पीडित महिला तथा पीडित महिलाको तर्फबाट जोसुकैले राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालय तथा क्षेत्रीय कार्यालयहरूमा उजुरी दिन सक्दछन् ।

राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालय हरिहर भवन, पुल्चोक, ललितपुरमा छ र यस कार्यालयको फोन नं. ०१–५०१००१५, ५०१००१६, ५०१००१७, ५०१००१८ हो । यसैगरी यसका क्षेत्रीय कार्यालयहरू पूर्वाञ्चलको विराटनगर, पश्चिमाञ्चलको पोखरा, मध्यपश्चिमाञ्चलको नेपालगञ्ज र सुदूर पश्चिमाञ्चलको धनगढी तथा सम्पर्क कार्यालयहरू खोटाङ्गको दिक्तेल, धुनषाको जनकपुर, जुम्लाको खलङ्गा, रोल्पाको लिवाङ्ग र रूपन्देहीको बुटवलमा छन् ।

**क्षेत्रीय तथा शाखा कार्यालयहरूका सम्पर्क फोन नं. हरू यसप्रकार छन्ः**

विराटनगर – ०२१–५३७९३१, ५३७९३२
पोखरा – ०६१–५४२३११, ५४२३२२
नेपालगञ्ज – ०८१–५२६७०७, ५२६७०८
धनगढी – ०९१–५२५६२१, ५२५६२२
जनकपुर – ०४१–५२७२५०
बुटवल – ०७१–५४६९११

## २. राष्ट्रिय महिला आयोग

२०५८ साल फागुन २३ गते राजपत्रमा प्रकाशित सूचनाअनुसार महिलाको मौलिक हक, मानव अधिकार तथा लैङ्गिक समानतासम्बन्धी अधिकार एवम् नेपाल सरकार पक्ष भएका महिला अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि–सम्झौतामा उल्लेख गरिएका कुराहरूको प्रभावकारी कार्यान्वयनका लागि सरकारलाई आवश्यक सहयोग गर्ने तथा सुझाव दिने, महिलामाथि हुने यौन शोषण, यौन दुराचार, बेचबिखन, हिंसा लगायतबाट पीडित महिलाहरूलाई आवश्यक परामर्श, पुनर्स्थापना र सहयोग गर्ने एवम् उजुरी लिने र पीडकलाई कारवाहीका लागि सरकारसमक्ष सिफारिश गर्ने लगायतका प्रावधानहरू रहेका छन् । जसको व्यवस्था "राष्ट्रिय महिला आयोग ऐन, २०६३" ले समेत गरेको छ ।

सो ऐनअनुसार महिलाका कुनैपनि प्रकारका अधिकारहरूको उल्लंघन भएका पीडित महिलाले वा उसको तर्फबाट कुनैपनि व्यक्तिले आयोगमा उजुरी दिन सक्दछन् । राष्ट्रिय महिला आयोगको कार्यालय, काठमाडौंको सिंहदरवारअगाडितर्फ भद्रकाली प्लाजामा छ । आयोगको फोन नं. ०१–४२५६७०१, ४२५७६२८ र ४२५७२८५ हो ।

## ३. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

चीनको राजधानी बेइजिङ्गमा वि.सं. २०५२ साल भदौमा चौथो विश्व महिला सम्मेलन सम्पन्न भएपछि तात्कालीन श्री ५ को सरकारले वि.सं. २०५२ साल असोज महिनामा महिला तथा समाज कल्याण मन्त्रालयको गठन गरेको थियो । यस मन्त्रालयले महिलाहरूको सवालमा आवश्यकताअनुरूपका ऐन–कानुनको निर्माण वा संशोधन, महिला अधिकारसम्बन्धी जनचेतना, राज्यका निकायहरूमा महिलाको सहभागिता वृद्धि, जीउ मास्ने–बेच्नेविरुद्धका कार्य तथा महिला हिंसाविरुद्ध कार्य गर्ने, महिला कर्मचारीहरूको दक्षता वृद्धि गर्ने लगायतका कामहरू गर्दै आइरहेको छ ।

सर्वोच्च अदालतले २०६२ साल वैशाख १९ गते गरेको आदेशअनुसार यस मन्त्रालयले "छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४" जारी गरेको छ । जसअनुसार छाउपडी प्रथा उन्मूलनका लागि निम्नलिखित तत्कालीन कार्यक्रमहरू लागू गर्ने व्यवस्था निर्देशिकामा गरिएको छ ।

(क) छाउपडी प्रथाप्रति रहेको पुरातन विश्वास, मान्यता र प्रचलनविरुद्ध जनचेतना जगाउने उपायहरू अवलम्बन गर्ने

(ख) छाउपडी प्रथाबाट प्रत्यक्ष रूपमा प्रभावित बालिका तथा महिलाहरूलाई स्वास्थ्य सेवा तथा पोषण सम्बन्धमा जानकारी र राहत उपलब्ध गराउने ।

(ग) छाउपडी प्रथाको अन्त्य गर्ने व्यक्ति, परिवार र समुदायलाई सम्मान गर्ने ।

## ४. केन्द्रीय प्रहरी महिला सेल

महिलाविरुद्ध हुने यातना एवम् अपराध तथा तत्सम्बन्धी महिलाका गुनासाहरूको सुनवाइ गरी अनुसन्धान, तहकिकात गर्न आवश्यक ठानी प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान विभागअन्तर्गत केन्द्रीय महिला सेलको गठन गरिएको हो । यसको स्थापना २०५२ साल फागुनमा भएको हो । महिलासम्बन्धी हुने अपराधहरूको छानबिन तथा अनुसन्धान महिला प्रहरीद्वारा भएमा बढी प्रभावकारी हुने ठानिएर यस्तो सेलको स्थापना गरिएको हो ।

## ५. अदालतहरू

न्यायिक विवादहरूको निराकरणका लागि नेपालमा तीन तहका अदालतहरू रहेका छन् । जसमा सर्वोच्च अदालत एउटा, पुनरावेदन अदालत १६ वटा र जिल्ला अदालतहरू ७५ वटा छन् । महिलाको हक–अधिकारको संरक्षणका लागि प्रभावकारी संयन्त्रको रूपमा

अदालतहरू रहेका छन् । संविधानमा उल्लेख भएको मौलिक अधिकारको उल्लंघन भएमा, अन्य कानुनी उपचारको बारेमा व्यवस्था नभएमा वा उपचारको व्यवस्था भएपनि अपर्याप्त र प्रभावहीन देखिएमा जोसुकै नेपाली नागरिकले उपचार पाउने उद्देश्यले सोझै सर्वोच्च अदालतमा निवेदन दिन सक्दछन् ।

यसैगरी शुरू अदालत (जिल्ला अदालत) को निर्णयउपर चित्त नबुझेमा वा कानुनमा उल्लेख भएबमोजिम सरकारी कार्यालयहरूले गरेको निर्णयउपर वा कसैलाई गैरकानुनी ढङ्गले थुनामा राखेको अवस्थामा वा तत्काल कसैलाई कुनै काम गर्नबाट रोक नलगाएमा कसैको हक–अधिकार तथा सम्पत्तिमा गम्भीर असर पर्ने अवस्था भएमा पुनरावेदन अदालतमा पुनरावेदनको निवेदन दिन सकिन्छ भने कानुनमा उल्लेख भएबमोजिम व्यक्तिको सम्पत्ति तथा जीउ–धनसँग सम्बन्धित मुद्दाहरू जिल्ला अदालतमा दर्ता गर्न सकिन्छ । उदाहरणका लागि बाबुले अंश नदिएमा अंश मुद्दा छोरीले जिल्ला अदालतमा दिनु पर्दछ । यस्तै लोग्नेसँग सम्बन्ध–विच्छेद गर्नुपर्दा महिलाले जिल्ला अदालतमा सम्बन्ध–विच्छेदका लागि मुद्दा दिनुपर्ने हुन्छ ।

## ६. प्रहरी कार्यालयहरू

नेपाल सरकारको गृह मन्त्रालयअन्तर्गत प्रहरी कार्यालयहरू रहन्छन् । नेपालमा प्रहरी प्रधान कार्यालय, क्षेत्रीय प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय, प्रहरी चौकी, प्रहरी परिसर, प्रहरी प्रभाग लगायतका प्रहरी संयन्त्रहरू छन् । कानुनमा उल्लेख गरेबमोजिम सरकारवादी हुने मुद्दाहरूमा पीडितले आफ्नो नजिकको प्रहरी कार्यालयमा उजुरी दिनु पर्दछ ।

## ७. स्थानीय निकायहरू

स्थानीय निकायअन्तर्गत गाविस कार्यालय, वडा कार्यालय, जिविस कार्यालय, नगरपालिका, उप–महानगरपालिका तथा महानगरपालिका कार्यालयहरू पर्दछन् ।

महिला अधिकारसँग सम्बन्धित कानुनमा उल्लेख भएका कतिपय मामिलाहरू स्थानीय निकायहरूले हेर्दछन् । यसका लागि पीडित महिलाले त्यस्ता स्थानीय निकायहरूमा सम्पर्क गर्नुपर्ने हुन्छ । उदाहरणका लागि स्थानीय निकायले नाता प्रमाणित गर्दछ । त्यसैले नाता प्रमाणितका लागि महिलाले स्थानीय निकायमा सम्पर्क गर्नुपर्ने हुन्छ । त्यस्तै पुरुषले सम्बन्ध–विच्छेद गर्न चाहेमा पनि आफू बसोबास गरेको स्थानीय निकायमा निवेदन दिनुपर्ने हुन्छ । त्यसरी स्थानीय निकायमा पुरुषद्वारा सम्बन्ध–विच्छेदको निवेदन दिएमा महिलाले स्थानीय निकायले बोलाएका बखत सम्पर्क गर्नुपर्ने हुन्छ । बालबालिकाको जन्म

दर्ता, नागरिकताको सिफारिश, मतदाता नामावलीमा नाम अद्यावधिक तथा समावेश गर्ने कामसमेत स्थानीय निकायले गर्दछ ।

## ८. अन्य संयन्त्रहरू

### क) नेपाल बार एसोसिएसन

नेपालमा कानुन व्यवसायमा संलग्न वकिलहरूको राष्ट्रिय संगठन नेपाल बार एसोसिएसन हो । यसअन्तर्गत कानुनी सहायता परियोजना हुन्छ र उक्त परियोजनाले पीडित महिलाहरूलाई आवश्यक परामर्श दिने तथा आवश्यक परे महिलाको तर्फबाट निःशुल्क मुद्दा लड्न सहयोग गरिदिने समेत गर्दछ । प्रत्येक जिल्लामा रहेका जिल्ला अदालतअन्तर्गतका जिल्ला बार एसोसिएसनहरूले पनि महिलाका समस्यामा सहयोग गर्दछन् । अतः पीडित महिलाहरूले सहयोगका लागि जिल्ला बार एसोसिएसनमा पनि सम्पर्क गर्न सक्दछन् ।

### ख) गैरसरकारी संस्थाहरू

काठमाडौंमा महिलाका मुद्दाहरूलाई सहयोग गर्नेगरी स्थापना भई महिलाहरूलाई सहयोग पुऱ्याउँदै आएका महिला कानुन र विकास मञ्च, माइती नेपाल, एबीसी नेपाल, महिला कानुनी परामर्श केन्द्र लगायतका गैरसरकारी संस्थाहरू तथा स्थानीय तहमा महिला अधिकारका क्षेत्रमा क्रियाशील संस्थाहरूसमेतले महिला अधिकारको संरक्षणका क्षेत्रमा सहयोगी संयन्त्रको रूपमा काम गरिरहेका हुन सक्दछन् । अतः पीडित महिलाले त्यस्ता गैरसरकारी संस्थाहरूमा समेत सहयोगका लागि सम्पर्क राख्न सक्दछन् ।

# अनुसूची

## नेपाल सरकार वादी हुने फौजदारी मुद्दासम्बन्धी जाहेरी दरखास्तको नमूना
## जिल्ला प्रहरी कार्यालय, काठमाडौंमा चढाएको
## जाहेरी दरखास्त

१. दरखास्त वा सूचना दिने व्यक्तिको नाम, थर, ठेगाना :

.......................................................................................................................................

.......................................................................................................................................

२. कुन मुद्दासम्बन्धी अपराधबारे दरखास्त वा सूचना गरेको हो ?

.......................................................................................................................................

.......................................................................................................................................

३. अपराध गर्ने व्यक्तिको नाम, थर, ठेगाना र हुलिया :

.......................................................................................................................................

.......................................................................................................................................

४. अपराध भएको वा भइरहेको वा हुने सम्बन्धित ठाउँ, मिति र स्थल :

.......................................................................................................................................

.......................................................................................................................................

५. दरखास्त वा सूचनाको व्यहोरा :

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

६. अपराधसँग सम्बन्धित कुनै सबुत प्रमाण भए सो कुरा :

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

७. अपराधसँग सम्बन्धित अन्य विवरण :

.......................................................................................................................................

.......................................................................................................................................

८. यो दरखास्तको व्यहोरा ठीक साँचो छ । झुठ्ठा व्यहोरा लेखेको ठहरे कानुनबमोजिम सहुँला बुझाउँला । प्रहरीद्वारा केस तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाका बखत उपस्थित हुनुपर्ने जनाउ पाए सोबमोजिम उपस्थित हुनेछु ।

दरखास्तवाला

सही : ..................................................

मिति : ................................................